# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन - २०७०

नेपाल सरकार

**सहरी विकास मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०७०

नेपाल सरकार

## सहरी विकास मन्त्रालय

सिंहदरवार, काठमाडौं

**प्रकाशक :**
नेपाल सरकार
**सहरी विकास मन्त्रालय**
फोन नं. : ४२११६९३, ४२११८८३, ४२११६७३
फ्याक्स : ९७७–१–४२११८७३

**सर्वाधिकार :** नेपाल सरकार, सहरी विकास मन्त्रालयमा सुरक्षित रहने छ ।

**प्रकाशन प्रति :** १०००

**स्वीकृत मिति :** नेपाल सकार, सहरी विकास मन्त्रालय, मिति : २०७०/०९/०८

**मुद्रक :** सूर्योदय छापाखाना, धोविधारा, काठमाडौँ, फोन : ०१–४४३४९७१

मा सहरी विकास मन्त्रीज्यूको
निजी सचिवालय

नेपाल सरकार

अफिस फोन: ०१-४२११७९२
सिंहदरबार, काठमाडौं, नेपाल



# मन्तव्य

सहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन २०७०" प्रकाशित हुन लागेकोमा मलाई धेरै खुसी लागेको छ ।

देशको भौतिक विकासको मेरुदण्डको रूपमा स्थापित यस मन्त्रालय अन्तर्गतका खानेपानी तथा सरसफाइ र सहरी विकास तथा भवन निर्माण क्षेत्रमा अन्तर्राष्ट्रिय चासोको विषयका रूपमा रहेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई यस मार्गदर्शन मार्फत संस्थागत तथा व्यवस्थित रूपमा लागू गर्ने कार्यमा सफलता मिल्नेमा विश्वास लिएको छु ।

यस मार्गदर्शन तयारी एवम् प्रकाशन कार्यमा प्रत्यक्ष र परोक्ष रूपमा संलग्न सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू र परामर्शदाता समूहहरूलाई धन्यवाद दिन चाहन्छु । साथै मन्त्रालय र अन्तर्गतका निकायहरूमा यस मार्गदर्शन मार्फत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रकृयालाई कोषेढुङ्गाका रूपमा सावित गर्ने र अन्य निकायहरूले पनि यस कार्यको अनुकरण गरी लाभान्वित हुनेमा विश्वास लिएको छु ।

मिति : २०७०/०९/१२

(छविराज पन्त)
मन्त्री
सहरी विकास मन्त्रालय

नेपाल सरकार
# सहरी विकास मन्त्रालय
(................................................... शाखा)
फोन नं.: ४२११६९३, ४२११८८३, ४२११६७३
फ्याक्स : ९७७-१-४२११८७३
: ९७७-१-४२००२४६
सिंहदरबार,
काठमाडौं, नेपाल ।
पत्र संख्या:-
चलानी नं.:-



# शुभकामना

सहरी विकास मन्त्रालयद्वारा मन्त्रालय र अन्तर्गतका निकायहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन २०७०" प्रकाशित हुन लागेकोमा मलाई धेरै खुसी लागेको छ ।

यस मन्त्रालयले खानेपानी तथा सरसफाइ र सहरी विकास, आवास तथा भवन निर्माण जस्ता महत्त्वपूर्ण विकासका पूर्वाधार निर्माण र आधारभूत सेवाका क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रकृयालाई व्यवहारिक तवरले अवलम्बन गर्नु एउटा महत्वपूर्ण कार्य हो ।

लैङ्गिक असमानता तथा सामाजिक वञ्चितीकरणको विषय विश्वमा आम चासोको विषयका रूपमा रहेको विदितै छ । यसै परिप्रेक्ष्य अनुरूप नेपाल पनि विभेद रहित लैङ्गिक समानता तथा समाजिक न्यायको क्षेत्रमा भएका अन्तर्राष्ट्रिय महासन्धिहरू अनुमोदन गर्दै अगाडि बढिरहेको छ ।

नेपालले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि एवं प्रतिबद्धताहरू साथै नेपालको अन्तरिम संविधान २०६३ को मूल भावनालाई आत्मसात् गर्दै यस मन्त्रालय र अन्तर्गतका निकायहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रत्याभूत गराउनु पनि यस मार्गदर्शनको प्रमुख उद्देश्य हो । यस मार्गदर्शनका माध्यमबाट मन्त्रालय र मातहतका निकायहरूमा के कहाँ कस्तो कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री वातावरण सृजना गर्ने भन्ने कुराको जानकारी समेत सरल ढङ्गबाट प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, मन्त्रालय र मातहतका निकायमा यस मार्गदर्शनको सफल कार्यान्वयन हुने प्रतिबद्धताका साथ यो मार्गदर्शन तयार गर्ने र प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरू र विज्ञ समूहहरूलाई बधाई तथा धन्यवाद दिन चाहन्छु ।

मिति : २०७०/०९/१२

(ई. किशोर थापा)
सचिव
सहरी विकास मन्त्रालय

नेपाल सरकार

**सहरी विकास मन्त्रालय**

(................................................. शाखा)

फोन नं.: ४२११६९३, ४२११८८३, ४२११६७३

फ्याक्स : ९७७-१-४२११८७३

: ९७७-१-४२००२४६

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-

चलानी नं.:-

# दुई शब्द



सहरी विकास मन्त्रालयद्वारा सञ्चालन हुने विभिन्न कार्यक्रमहरूका साथै यसको संरचनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्थाहरूलाई कार्यान्वयन गराउने सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन तयार गरिएको हो ।

यस लैससास मार्गदर्शनको प्रारम्भिक मस्यौदा एशियाली विकास बैंकको आर्थिक सहयोगमा तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयद्वारा गठित कार्यदलले तयार गरेको हो र उक्त कार्यदलमा मानव संसाधन विकास केन्द्र (HURDEC) नामक संस्थाको सहभागिता रहेको थियो । सहरी विकास मन्त्रालय अन्तर्गतको सामाजिक समन्वय शाखा एवं लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आयोजनाका परामर्शदाताद्वारा प्रारम्भिक रूपमा तयार पारिएको मस्यौदाको विस्तृत अध्ययन तथा सरोकारवालाहरूसँगको छलफल एवं प्राप्त सल्लाह सुझावको आधारमा आवश्यक परिमार्जन गरी यस मार्गदर्शन २०७० लाई अन्तिम रूप दिइएको हो ।

अन्तमा यो मार्गदर्शन तयार गर्ने क्रममा आफ्ना बहुमूल्य सुझावहरू सहित निरन्तर प्रोत्साहन प्रदान गर्नुहुने सहरी विकास मन्त्रालयका श्रीमान् सचिव किशोर थापाज्यूमा विषेश आभार व्यक्त गर्दछु । मार्गदर्शन तयारीका सन्दर्भमा आफ्ना अमूल्य सुझावहरू दिई सहयोग गर्नुहुने सहरी विकास मन्त्रालय तथा अन्तर्गतका विभाग एवं निकायहरू र आयोजनाहरूमा कार्यरत सम्बन्धित सबै महानुभावहरूमा आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु । मार्गदर्शन तयारीको कार्यमा संलग्न यस मन्त्रालयको सामाजिक समन्वय शाखाका इन्जिनियर श्री रमानन्द दास, शाखा अधिकृत श्री शकुन्तला राई तथा परामर्शदाता टोलीलाई धन्यवाद दिन चाहन्छु ।

पोष्ट राज ढुंगाना
आयोजना प्रमुख
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आयोजना

# विषयसूची


**पृष्ठसंख्या**

**परिच्छेद – १**

| | |
|---|---|
| **प्रारम्भिक** | **१–६** |
| १.१ प्रस्तावना | १ |
| १.२ संक्षिप्त नाम र प्रारम्भ | १ |
| १.३ परिभाषा | २ |
| १.४ मार्गदर्शनको उद्देश्य | ४ |
| १.५ लैससास मूलप्रवाहीकरणका लागि पूर्व–शर्त तथा मुख्य आवश्यकताहरू | ५ |

**परिच्छेद – २**

| | |
|---|---|
| **लैससास कार्यान्वयन सम्बन्धी संरचनागत व्यवस्था** | **७–१२** |
| २.१ मन्त्रालय तह | ७ |
| २.२ विभागीय तह | १० |
| २.३ क्षेत्रीय तह | ११ |
| २.४ डिभिजन/सव–डिभिजन तह | १२ |

**परिच्छेद – ३**

| | |
|---|---|
| **आयोजना चक्रका चरणहरू अन्तर्गत लैससास मूलप्रवाहीकरण** | **१३–३१** |
| ३.१ आयोजना पहिचान | १३ |
| ३.२ आवश्यकता विश्लेषण | २१ |
| ३.३ आयोजना तयारी | २१ |
| ३.४ आयोजना पूर्वमूल्याङ्कन | २७ |
| ३.५ आयोजना कार्यान्वयन | २८ |
| ३.६ लाभ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाहरू | ३१ |

**परिच्छेद – ४**

| | |
|---|---|
| **खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) क्षेत्रमा लैससास मूलप्रवाहीकरण** | **३२–४५** |
| ४.१ नीतिगत मुद्दाहरू | ३२ |
| ४.२ संस्थागत व्यवस्था | ३४ |

४.३ **WASH** क्षेत्रको आयोजना चरणमा लैससास मूलप्रवाहीकरण ३५
४.४ अनुगमन तथा मूल्याङ्कन ४४

## परिच्छेद – ५

**भवन निर्माण,आवास एवं सहरी विकास (BCHUD) क्षेत्रमा लैससास मूलप्रवाहीकरण** **४६–६२**
५.१ नीतिगत मुद्दाहरू ४६
५.२ संस्थागत व्यवस्था ४८
५.३ BCHUD क्षेत्रको आयोजना चरणमा लैससास मूलप्रवाहीकरण ४९
    ५.३.१ भवन निर्माण ४९
    ५.३.२ आवास ५३
    ५.३.३ सहरी विकास ५६
५.४ अनुगमन तथा मूल्याङ्कन ६०

## तालिका

तालिका – १ अवरोधहरूको विश्लेषण १४
तालिका – २ आयोजना तयारी : अवरोधहरूको सम्बोधनका लागि अपनाउनुपर्ने उपायहरू २२
तालिका – ३ आयोजना कार्यान्वयन: लैससास मूलप्रवाहीकरणका चरणहरू २९
तालिका – ४ WASH क्षेत्रमा लैससास मूलप्रवाहीकरणका लागि नीतिगत मुद्दाहरू ३२
तालिका – ५ WASH आयोजनामा लैससास मूलप्रवाहीकरण ३५
तालिका – ६ BCHUD क्षेत्रमा लैससास मूलप्रवाहीकरणका नीतिगत मुद्दाहरू ४६
तालिका – ७ आयोजनाका चरणहरू : भवन निर्माण ४९
तालिका – ८ आयोजनाका चरणहरू : आवास ५३
तालिका – ९ आयोजनाका चरणहरू : सहरी विकास ५६

## अनुसूची

अनुसूची – १ नीतिगत विश्लेषण
अनुसूची – २ विविध जातजाति सम्बन्धी पार्श्व चित्र (Profile) तयार पार्ने ढाँचा
अनुसूची – ३ स.वि.म. को वार्षिक बजेट समीक्षा सम्बन्धी ढाँचा

# परिच्छेद १

# प्रारम्भिक

## १.१ प्रस्तावना

विश्वमा लैङ्गिक असमानता तथा सामाजिक वञ्चितीकरण सबैका लागि चासोको विषय भएको छ । विगत केही दशक देखि एशिया तथा प्रशान्त क्षेत्रले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को क्षेत्रमा उल्लेखनीय प्रगति गरेको देखिन्छ । यस विषयमा नेपाल धेरै पछाडि छैन । यसै क्रममा नेपाल विभेदरहित लैङ्गिक समानता तथा सामाजिक न्यायको क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढेको छ ।

नेपाल सरकारले सहरी विकास मन्त्रालय मार्फत् देशभरी खानेपानी तथा सरसफाइ, भवन निर्माण, आवास तथा सहरी विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । मन्त्रालयले आफ्नो नीति, कार्यक्रम, सेवा तथा सांगठनिक संरचनालाई लैससास मैत्री बनाउने कुरालाई आत्मसात गरेको छ । यसै सन्दर्भमा सबै सरोकारवालाहरूबाट लैससासको आवश्यकता र महत्त्वलाई महसुस गरी सहरी विकास मन्त्रालय अर्न्तगतका कार्यक्रम तथा आयोजनाहरूमा लैससास मूलप्रवाहीकरणका क्रियाकलापहरू सञ्चालन गर्नुका साथै महिला, विपन्न तथा वञ्चित समूह (मविवस) को अर्थपूर्ण सहभागितालाई विशेष महत्त्व दिइएको छ । यसै तथ्यलाई दृष्टिगत गरी सहरी विकास मन्त्रालयद्वारा लैससास मूलप्रवाहीकरणको मुद्दालाई सम्बोधन गर्ने उद्देश्यले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०७० बनाई लागू गरेको छ ।

## १.२ संक्षिप्त नाम र प्रारम्भ

क) यस मार्गदर्शनको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०७०" रहेको छ ।

ख) यो मार्गदर्शन नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

## १.३ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

**क) "मार्गदर्शन"** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०७० सम्झनु पर्छ ।

**ख) "मन्त्रालय"** भन्नाले सहरी विकास मन्त्रालय सम्झनु पर्छ ।

**ग) "लैङ्गिक"** भन्नाले समाज निर्मित पुरूष, महिला र तेस्रो लिङ्गीको भूमिका एवं पहिचानका साथै उनीहरू बीचको सम्बन्धलाई सम्झनु पर्छ ।

**घ) "विपन्न"** भन्नाले नेपाल जीवनस्तर सर्वेक्षण, २०६६/६७ मा गरिएको परिभाषा अनुसार औसत प्रतिव्यक्ति प्रतिदिन २२२० क्यालोरी बराबर भन्दा कम खाद्य पदार्थको उपभोग गर्ने घरपरिवार एवं व्यक्तिहरूलाई सम्झनु पर्छ ।

**ङ) "वञ्चित समूह"** भन्नाले परम्परागत रूपमा लामो समयदेखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवं भौगोलिक कारणहरूले गर्दा पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक एवं दुर्गम क्षेत्रमा बसोबास गर्ने जनता सम्झनु पर्छ ।

**च) "जोखिममा परेका समूह"** भन्नाले सामान्य जनताको तुलनामा विपन्नता एवं सामाजिक वञ्चितीकरणको कारण बढी जोखिम व्यहोर्ने अल्पसंख्यक जनजाति, बसाइ–सराइ गरेका, शारीरिक अपाङ्गता भएका, घरबार विहीन, दुर्व्यवहार खेपेका, एक्लिएका (Isolated) जेष्ठ नागरिक एवं बालबालिकाहरूलाई सम्झनु पर्छ ।

**छ) "लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला वा पुरूषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ ।

**ज) "लैङ्गिक समानता"** भन्नाले महिला र पुरूषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

**झ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरूष र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

**ञ) "लैससासको मूलप्रवाहीकरण"** भन्नाले पूर्वाधार विकास प्रणाली (Infrastructure Development System) सँग सम्वन्धित नीतिहरू, संस्थागत प्रकृया, कामको वातावरण एवं संस्कृति, कार्यक्रम र बजेट तर्जुमा, सेवा प्रवाह, अनुगमन तथा मूल्याङ्कन र अनुसन्धान कार्यमा मविवसका समस्याहरूको पहिचान एवं सम्बोधनलाई सम्झनु पर्छ ।

**ट) "लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरू (Policies and Practices) को परीक्षण गरेर कुनै पनि कार्यक्रम तथा आयोजनाबाट महिला एवं पुरूष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्छ ।

**ठ) "सामाजिक वञ्चितीकरणण"** भन्नाले परम्परा देखि चलिआएको मान्यता बमोजिम लिङ्ग, जातजाति वा धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई सम्झनु पर्छ ।

**ड) "सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरिबी तथा सामाजिक रूपमा वञ्चितीकरणमा परेका समूहहरूलाई निर्णय प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

**ढ) "सशक्तीकरण"** भन्नाले विकासका अवसरहरूबाट वञ्चित, स्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका अशक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्छ ।

**ण) "लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले सरकारी योजना, कार्यक्रम एवं बजेट तर्जूमालाई लैङ्गिक उत्तरदायी बनाउने प्रकृयालाई सम्झनु पर्छ ।

**त) "सार्वजनिक परीक्षण"** भन्नाले वित्तीय सूचना सहितको कार्यक्रम प्रकाशित गरेर सेवाग्राही तथा सरोकारवालाहरूप्रति सेवाप्रदायकको जवाफदेहिता र पारदर्शिता कायम गर्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले अपनाइने विधिलाई सम्झनु पर्छ ।

**थ) "सामाजिक परीक्षण"** भन्नाले कुनै संघ संस्थाद्वारा सञ्चालित कार्यक्रमको सामाजिक, आर्थिक तथा वातावरणीय लाभ एवं मापदण्डहरूको लेखाजोखा सहित सामाजिक रूपमा प्रदर्शन गर्ने प्रकृयालाई सम्झनु पर्छ ।

**द) "खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरूष, जातीय अल्पसंख्यक समूह, अपाङ्गता भएका एवं एच.आई.भी. सङ्क्रमित व्यक्ति तथा अन्य वञ्चितसमूहहरूको खण्डीकृत तथ्याङ्कहरूलाई सम्झनु पर्छ ।

**ध) "गरिबी नक्शाङ्कन"** भन्नाले कुनै एउटा निश्चित भू-भागमा बसोबास गर्ने घरपरिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनु पर्छ ।

**न) "सामाजिक नक्शाङ्कन"** भन्नाले आयोजना भित्र रहेका घरपरिवारको सामाजिक तथा आर्थिक अवस्थासँग सम्बन्धित पूर्वनिर्धारित सूचकाङ्कहरूको प्रयोग गरी घरपरिवारहरूको पहिचान गर्ने विधिलाई सम्झनु पर्छ ।

## १.४ मार्गदर्शनको उद्देश्य

मार्गदर्शनको मुख्य उद्देश्य मन्त्रालयको नीति अनुरूप मन्त्रालय र अन्तर्गतका निकायहरूद्वारा सञ्चालित आयोजनाहरूमा लैससाससँग सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन गर्नु रहेको छ । यस मार्गदर्शनका अन्य उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

क) कार्यक्रम तथा आयोजनाहरूमा परिचालन हुने श्रोत, साधन र यसबाट प्राप्त हुने लाभमा मविवसको पहुँचमा अभिवृद्धि गर्नका लागि मन्त्रालय अर्न्तगत लैससास मार्गदर्शनको कार्यान्वयन तथा यसको अनुगमन गर्ने ।

ख) सम्पूर्ण कार्यक्रम तथा आयोजनाहरूमा लैससासका मुद्दाहरूको उचित सम्बोधन तथा आयोजनाका प्रत्येक चरणमा यसलाई संस्थागत गरिने कुराको सुनिश्चितता गर्ने ।

## १.५ लैससास मूलप्रवाहीकरणका लागि पूर्व–शर्त तथा मुख्य आवश्यकताहरू

### पूर्व–शर्तहरू (Pre-requisites)

क) लिङ्ग, लैङ्गिक समानता, सशक्तीकरण, सामाजिक वञ्चितीकरण एवं समावेशीकरणका धारणाहरू सबै तहका कर्मचारीहरूले बुझ्ने गरी सरल भाषामा प्रष्टसँग परिभाषित गर्नुपर्नेछ ।

ख) लैङ्गिक एवं समावेशीकरणका विषयहरूमा विश्लेषणात्मक क्षमताको विकास गराइ सक्षम बनाउने उद्देश्य अनुरूप यस सम्बन्धी प्राविधिक ज्ञान प्रदान गर्नका लागि निश्चित कर्मचारीहरूलाई तालिम प्रदान गरिनुपर्नेछ ।

ग) विविध मुद्दाहरूको पहिचान, यसको प्रारूप (Design) तयारी एवं क्रियाकलापहरू कार्यान्वयन गर्नको लागि व्यवस्थापकीय तहहरूमा पर्याप्त समयको व्यवस्थापन गरिनुपर्नेछ ।

घ) श्रोत साधनको पहिचान गरी समयमै उपलब्ध गराउनुपर्नेछ ।

ङ) लैङ्गिक समानता र सशक्तीकरणलाई मन्त्रालय र मातहतका विभाग एवं निकायहरूको कार्यसम्पादन सम्बन्धी सम्पूर्ण नीतिहरूमा समाहित गराउन यसलाई सम्पूर्ण क्रियाकलापहरू एवं नियमित कार्यहरूमा लागु गर्नु पर्नेछ । यसका लागि उपयुक्त व्यवस्थापकीय संरचनाहरूको स्थापना गरिनुका साथै अनुगमन एवं मूल्याङ्कनका विधिहरूलाई मविवसको सशक्तीकरण प्रति उत्तरदायी बनाउनु पर्नेछ ।

### मुख्य आवश्यकताहरू (Core Requirements)

क) लिङ्ग, उमेर, जाति, धर्म, शिक्षा, वर्ग, आर्थिक स्थिति, बसोबास एवं अन्य विशेषताहरू (उदाहरणार्थ अशक्त, जातीय समुदाय बाहिरका अल्पसंख्यकहरू, सहरी गरीब, विकासका क्रियाकलापहरूबाट विस्थापित समूह) का आधारमा तथ्याङ्कहरूलाई खण्डीकृत गर्नुपर्नेछ ।

ख) श्रम विभाजन सम्बन्धी विशेषताहरू, उत्पादन श्रोत-साधन एवं निर्णायक शक्तिमा पहुँच (कसले के काम, कहाँ र किन गर्दछ ?, कुन उत्पादनका साधनहरूमा कसको पहुँच छ ?, निर्णय गर्ने अन्तिम अधिकार कसमा निहीत छ ?) जस्ता पक्षहरूको लेखाजोखा आयोजना कार्यान्वयन हुनु अगावै गर्नुपर्नेछ ।

ग) मन्त्रालय, विभागीय कार्यक्रम तथा आयोजनाहरू, साझेदार संघसंस्था एवं सामुदायिक समूहहरूको नीति, कार्यक्रम एवं बजेट निर्धारण, संस्थागत व्यवस्थापन, मानव-संसाधन सम्बन्धी सवालहरू एवं अनुगमन तथा मूल्याङ्कन कार्य लैससास दृष्टिकोणबाट सम्बोधन गरिनुपर्नेछ ।

## परिच्छेद २

# लैससास कार्यान्वयन सम्बन्धी संरचनागत व्यवस्था

लैससास मार्गदर्शन कार्यान्वयनको लागि केन्द्रमा मन्त्रालय र मातहतका विभागहरू साथै क्षेत्रीय कार्यालय, डिभिजन/सव-डिभिजन कार्यालय तहसम्म उपयुक्त संरचनाको व्यवस्था गरिने छ। लैससास मार्गदर्शनको सही कार्यान्वयनको लागि भइरहेको संस्थागत संरचनाहरूमा सुधार तथा क्षमतामा अभिवृद्धि गरिने छ। लैससास र यसको सञ्चालन सम्बन्धमा मन्त्रालय एवं अन्य सरोकारवालाहरूबीच आपसी समझदारी हुनु जरूरी छ। यसका लागि सबै तहमा कार्यविवरण सहितको विशेष उत्तरदायित्व प्रदान गरिनुपर्छ। संस्थागत तहमा प्राथमिकताहरू निर्धारण गरी लैससास कार्यान्वयन गर्न पर्याप्त मात्रामा श्रोत साधनको बाँडफाँड गरिनुका साथै लैससास मूलप्रवाहीकरणका लागि सम्पूर्ण सरोकारवालाहरूबीच समन्वयात्मक प्रयास गरिनेछ।

यसका अतिरिक्त लैससास सम्बन्धि क्रियाकलापहरू सञ्चालन गर्न पर्याप्त श्रोत साधनको व्यवस्था गरिनुका साथै नियमित रूपमा यसको सुपरिवेक्षण एवं अनुगमन गरिनेछ।

मन्त्रालय र मातहतका सबै तहहरूमा लैससास मूलप्रवाहीकरणका लागि निम्नानुसारको संस्थागत संरचनाको व्यवस्था गरिनेछ।

### २.१ मन्त्रालय तह

मन्त्रालय स्तरमा योजना, अनुगमन तथा वैदेशिक सहयोग महाशाखा अन्तर्गत स्थायी रूपमा सामाजिक समन्वय/लैससास शाखाको गठन गरिएको छ। वरिष्ठ समाजशास्त्रीको नेतृत्वमा यस शाखा अन्तर्गत एकजना इन्जिनियर, एकजना शाखा अधिकृत र एकजना नायव सुब्बाको व्यवस्था गरिएको छ। यो

शाखा मन्त्रालय अन्तर्गत सञ्चालन हुने सम्पूर्ण लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरूका लागि उत्तरदायी रहनेछ ।

सामाजिक समन्वय/लैससास शाखाको कार्यविवरण निम्नानुसार रहने व्यवस्था गरिएको छ :

क) विभागहरू, अन्य सम्बन्धित मन्त्रालयहरू एवं सरोकारवालाहरू (महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय योजना आयोग, दातृ निकायहरू, निर्माण व्यवसायीहरू) सँग आवश्यक समन्वय गर्ने एवं लैससास मार्गदर्शन कार्यान्वयन पक्षको अनुगमन गर्ने ।

ख) प्रगति समीक्षाका साथै चौमासिक र वार्षिक रूपमा प्रतिवदेन तयार गर्ने ।

ग) लैससास मार्गदर्शनको आधारमा सबै तहका लागि आवश्यक पर्ने कार्यसूचि (Checklist) तयार गर्ने ।

घ) लैससाससँग सम्बन्धित नीति नियम, ऐन, नियमावलीमा आवश्यक परिवर्तन गर्न मन्त्रालय तहमा सहजीकरणको कार्य गर्ने ।

ङ) लैससास सम्बन्धी व्यवस्थालाई संचालनमा लैजानका लागि अल्पकालीन एवं दीर्घकालीन कार्यान्वयन योजनाहरू तयार गर्ने ।

च) खानेपानी तथा ढल निकास विभाग र सहरी विकास तथा भवन निर्माण विभागमा लैससास सम्बन्धी शाखाको स्थापनाका लागि सहजीकरण गर्ने ।

छ) राष्ट्रिय योजना आयोगले निर्दिष्ट गरेको अनुगमन सम्बन्धी ढाँचा तथा तालिकाहरूलाई लैससास उत्तरदायी बनाउन आवश्यक सहजीकरण गर्ने ।

ज) खण्डीकृत तथ्याङ्क सङ्कलनको लागि आवश्यक व्यवस्था गर्ने ।

झ) लैङ्गिक उत्तरदायी बजेटका सम्बन्धमा अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गर्ने ।

मन्त्रालयद्वारा सञ्चालन हुने केन्द्रीयस्तरका आयोजनाहरू र काठमाडौं उपत्यका विकास प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, नगर विकास कोष, नेपाल खानेपानी संस्थान, मेलम्ची खानेपानी विकास समिति, अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति एवं मन्त्रालयबाट सोझै नियमन हुने अन्य सबै कार्यालयहरूमा लैससास क्रियाकलाप सञ्चालन तथा मूल प्रवाहीकरण गर्नका लागि एउटा–एउटा लैससास इकाईको स्थापना गरी प्रत्येकमा एकजना समाजशास्त्रीको व्यवस्था गरिनेछ। समाजशास्त्रीको व्यवस्था नभएको कार्यालयको हकमा Out sourcing पद्धतिद्वारा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

लैससास ईकाइको कार्यविवरण निम्नानुसार हुनेछ :

क) ठेकेदार र आयोजनाबीच भएको सम्झौता अनुसार सम्झौतामा उल्लेखित लैससास सम्बन्धी शर्तहरू कार्यान्वयन गराउने।

ख) सम्झौताको समयमा उपभोक्ता समिति, कामदारहरू एवं निर्माण व्यवसायीहरूलाई लैससास सम्बन्धमा अभिमुखीकरण गराउने।

ग) विशेष सम्झौता (Special Contract) मा उल्लेखित शर्तहरू परिपालन भए–नभएको अनुगमन गर्ने।

घ) लैङ्गिक तथा समावेशीकरणका आधारमा खण्डिकृत प्रगति प्रतिवेदन तयारी एवम् उक्त प्रतिवेदनमा लैससाससँग सम्बन्धित मुद्धाहरूमा भएको प्रगतिको विश्लेषणात्मक विवरण समेत उपलब्ध गराउने।

यसका अतिरिक्त मन्त्रालय अन्तर्गत गठन हुने सबै समिति, उपसमिति, आयोग आदिमा महिला एवं विभिन्न जात/जातिगत समूह समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी समावेशी बनाउनुपर्ने छ। त्यसै गरी सम्पूर्ण किसिमका तालिम, अवलोकन भ्रमण र छात्रवृति (स्वदेश तथा विदेश दुवै) मा सहभागीहरूको छनौट लैससास मैत्री तथा समावेशी प्रकृतिको हुनुपर्ने छ।

## २.२ विभागीय तह

हाल मन्त्रालय मातहतमा खानेपानी तथा ढल निकास विभाग र सहरी विकास तथा भवन निर्माण विभाग रहेका छन् । खानेपानी तथा ढल निकास विभागमा वरिष्ठ समाजशास्त्री शाखा प्रमुख रहने गरी लैससाससँग सम्बन्धित सामुदायिक परिचालन शाखा स्थापना गरिएको छ । उक्त सामुदायिक परिचालन शाखाले विभागीय तहमा लैससाससँग सम्बन्धित सबै कार्यहरू गर्ने छ । यसैगरी सहरी विकास तथा भवन निर्माण विभागको हकमा समेत वरिष्ठ समाजशास्त्री शाखा प्रमुख रहने गरी एउटा छुट्टै शाखा स्थापना गरिने छ ।

विभागीय तहमा लैससास सम्बन्धी कार्य गर्ने शाखाको कार्यविवरण निम्नानुसार हुनेछ :

क) विभागमा लैससास मार्गदर्शनको अल्पकालीन, मध्यकालीन एवं दीर्घकालीन कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने ।

ख) आयोजना चक्रमा लैससासलाई समाहित गर्दै लैजानका लागि आवश्यक सहजीकरणको कार्य गर्ने ।

ग) लैससास मार्गदर्शनको कार्यान्वयन अवस्थाबारे प्रगति समीक्षा एवं प्रतिवेदन प्रस्तुत गर्ने ।

घ) राष्ट्रिय योजना आयोगले निर्दिष्ट गरेको अनुगमन सम्बन्धी तालिकाहरूलाई लैससास उत्तरदायी बनाउनका लागि आवश्यक खण्डीकृत तथ्याङ्क सङ्कलनको व्यवस्था गर्ने ।

ङ) लैङ्गिक दृष्टिकोणबाट देखिएका असमानताहरूको विश्लेषण, समस्याको पहिचान र सुधारका लागि आवश्यक सुझावहरू प्रदान गर्ने, कार्य सम्पादन शर्तनामामा उल्लेखित शर्तहरूलाई कार्यान्वयन गर्ने तथा निर्माण व्यवसायी र उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाको कार्य प्रगति एवं निर्माण स्थलको समेत प्रभावकारी अनुगमन गर्ने ।

च) लैससासको अवधारणालाई प्रत्येक शाखा र आयोजनाहरूमा कसरी मूलप्रवाहीकरण गर्न सकिन्छ भन्ने सम्बन्धमा साझा समझदारी बनाउन विभागका कर्मचारीहरूलाई अभिमुखीकरण गर्ने ।

छ) लैससासको दृष्टिकोणबाट विभाग अन्तर्गत कार्यान्वयन भएका सम्पूर्ण आयोजनाहरूको अनुगमन (समाजशास्त्री र इन्जिनियर मार्फत्) गर्ने तथा आयोजना कार्यान्वयनमा यसलाई विशेष शर्तको रूपमा लागू गर्ने । यसका अतिरिक्त समाजशास्त्री र इन्जिनियरले नियमित रूपमा लैससास सम्बन्धी प्रतिवेदन पेश गर्ने ।

ज) मन्त्रालयसँग परामर्श लिई लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी निर्देशिका तयार गर्ने ।

## २.३ क्षेत्रीय तह

आयोजना चक्रमा लैससास मार्गदर्शनको कार्यान्वयन पक्षलाई सुनिश्चित गर्न क्षेत्रीय कार्यालयमा समाजशास्त्री सहितको एउटा लैससास इकाई गठन गरिनेछ । लैससास मार्गदर्शन तथा सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने जिम्मेवारी समाजशास्त्रीको हुनेछ । लैससास मार्गदर्शन कार्यान्वयन सम्बन्धी मुख्य उत्तरदायित्व क्षेत्रीय निर्देशकको हुनेछ ।

क्षेत्रीय तहमा लैससास इकाईको कार्यविवरण निम्नानुसार हुनेछ :

क) अन्तर्गतका डिभिजन/सव-डिभिजन कार्यालयहरू र आयोजना स्तरमा लैससास मार्गदर्शनको कार्यान्वयनलाई सुनिश्चितता प्रदान गर्ने एवं यस सम्बन्धमा आवश्यक अनुगमन गर्ने ।

ख) लैससास मार्गदर्शनको कार्यान्वयन अवस्थाबारे प्रगति समीक्षा एवं प्रतिवेदन प्रस्तुत गर्ने ।

ग) प्रतिवेदनका ढाँचाहरूमा लैससास सम्बन्धी बुँदाहरू समावेश भए नभएको सुनिश्चित गर्ने ।

घ) मन्त्रालय तथा विभागको परामर्श लिई लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी निर्देशिका तयार गर्ने ।

## २.४ डिभिजन/सव-डिभिजन तह

डिभिजन/सव-डिभिजन अन्तर्गतका कार्यक्रमहरू एवं आयोजनाहरूमा लैससास मार्गदर्शनको कार्यन्वयनका लागि एउटा स्पष्ट संरचना एवं उत्तरदायी निकाय बनाइनेछ। यसका लागि एउटा लैससास इकाई स्थापना गरिनेछ जसमा डिभिजन/सव-डिभिजन प्रमुख, इन्जिनियर र सामाजिक परिचालक रहनेछन्। सम्बन्धित डिभिजन/सव-डिभिजन प्रमुखले लैससास इकाइको कार्यको समन्वय गर्नेछन्। लैससास इकाईमा कामको बोझका आधारमा अल्पकालीन सम्झौताद्वारा करारमा समाजशास्त्रीको नियुक्ति गर्न सकिनेछ।

लैससास इकाईको कार्यविवरण निम्नानुसार हुनेछ :

क) सम्बन्धित जिल्ला स्तरका निकाय एवं अन्य सरोकारवालाहरू (उपभोक्ता समिति, निर्माण समिति, गैरसरकारी संस्था, दातृनिकाय, निर्माण व्यवसायी) सँग समन्वय गर्ने तथा आयोजना चक्रमा लैससास मूलप्रवाहीकरण भए नभएको अनुगमन गर्ने।

ख) लैससास मार्गदर्शनको कार्यान्वयन अवस्थाबारे प्रगति समीक्षा एवं प्रदिवेदन प्रस्तुत गर्ने।

ग) लैससास मार्गदर्शन अनुसार आयोजना चक्र (योजना तर्जुमा एवं कार्यान्वयन) मा लैससास सम्बन्धी मूलप्रवाहीकरण गर्ने कार्यको सुनिश्चितता गर्ने।

घ) लैससासको अवधारणा, आयोजना चक्रमा यसको कार्यान्वयन एवं अनुगमन सम्बन्धी कार्य सूची (checklist) लगायतका विषयहरूमा डिभिजन/सव-डिभिजन कार्यालयका कर्मचारीहरूको क्षमता विकास गर्ने।

ङ) डिभिजन/सव-डिभिजनद्वारा लैससास सम्बन्धी क्षमता विकास योजना बनाउने एवं तद्अनुरूप श्रोत साधनको बाँडफाँड गर्ने।

च) आवश्यकता अनुसार बाहिरबाट लैससास विशेषज्ञको सेवा लिनका लागि कार्यक्षेत्रगत शर्त (ToR) तयार गर्ने तथा परामर्शदाताले गर्ने कार्यहरूको अनुगमन गर्ने।

छ) क्षेत्रीय कार्यालय तथा विभागमा पेस गर्नुपर्ने प्रतिवेदनका ढाँचाहरूमा लैससास सम्बन्धी बुँदाहरू समावेश भए नभएको सुनिश्चित गर्ने।

◈◈◈

## परिच्छेद ३

# आयोजना चक्रका चरणहरू अन्तर्गत लैससास मूलप्रवाहीकरण

यो खण्डमा मन्त्रालयले लैससास मूलप्रवाहीकरणका लागि आयोजना चक्रका चरणहरूमा अपनाउनुपर्ने आधारभूत बुँदाहरू समावेश गरिएको छ। यस अन्तर्गत आयोजना पहिचान (३.१),आवश्यकता विश्लेषण (३.२), आयोजना तयारी (३.३), आयोजना पूर्वमूल्याङ्कन (३.४), आयोजना कार्यान्वयन (३.५) र लाभ अनुगमन तथा मूल्याङ्कन (३.६) का प्रक्रियाहरू पर्दछन्। लैससासको मूलप्रवाहीकरणका यी चरणहरू वार्षिक योजना एवं कार्यक्रम तयार पार्ने क्रममा अपनाउनु पर्नेछ जसमा लैससास क्रियाकलापहरू, लैङ्गिक उत्तरदायी बजेट निर्धारण एवं परिणामहरूलाई एकीकृत गर्नुपर्दछ।

## ३.१. आयोजना पहिचान (Project Identification)

आयोजना पहिचानले सम्भाव्य आयोजनाको उद्देश्य एवं कार्यक्षेत्रलाई परिभाषित गर्दछ। यसमा सम्भाव्य सम्पूर्ण विकल्पहरूको पूर्व-सम्भाव्यता अध्ययन एवं सामाजिक तथा वातावरणीय पक्षको अध्ययन गरिन्छ।

आयोजना पहिचानको क्रममा सामुदायिक तहमा विस्तृत परामर्श एवं छलफलद्वारा (महिला र पुरूष दुवै) आयोजना क्षेत्रमा वञ्चित समूहको पहिचान एवं उनीहरूको अवस्थाको अध्ययन विश्लेषण गरिनु पर्छ। यसबाट उनीहरूको अवस्था बुझ्नलाई केही प्रश्नहरू जस्तै आयोजनाबाट को-को प्रभावित हुनेछन्? आयोजनाबाट कस्ता प्रतिफलहरू प्राप्त हुनेछन् र त्यसबाट को बढी लाभान्वित हुनेछन्? कसले के गुमाउनेछ? आयोजनाबाट प्राप्त हुने प्रतिफल, अवसर र लाभ बाँडफाँड सम्मको पहुँचमा एवं आयोजनाको पहिचान, डिजाइन तथा कार्यान्वयनलाई प्रभावकारी पार्ने क्रममा उनीहरूले कस्ता अवरोधहरूको सामना गर्नुपर्छ? सो को जवाफ गुणात्मक एवं परिमाणात्मक तथ्याङ्कको आधारमा थाहा पाउनु पर्ने हुन्छ।

वञ्चित समूहलाई विकासका आयोजनाबाट हुने लाभ प्राप्तिमा आइपर्नसक्ने अवरोधहरूको पहिचान गर्नेतर्फ मात्र जोड दिएर पुग्दैन । यी समूहले सामना गर्नुपरेका अवरोधहरूलाई पन्छाउन वा कम गर्न मन्त्रालयले गर्नुपर्ने व्यवस्था एवं चाल्नुपर्ने कदमहरूको पहिचान गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ ।

## क. अवरोधहरूको विश्लेषण

वञ्चित समूहहरूका लागि पहुँच पुऱ्याउने क्रममा उनीहरूले सामना गर्नुपरेका अड्चनहरूलाई बुझ्नको लागि यस्ता अड्चनहरूको आयोजना विकास चक्रका प्रत्येक चरणमा पहिचान गर्नु आवश्यक छ । तलको तालिकाले माथि उल्लेखित कार्य कसरी गर्ने भन्ने सम्बन्धमा तहगत रूपमा विश्लेषणात्मक व्याख्या एवं मार्गदर्शन प्रदान गर्दछ ।

**तालिका १** : अवरोधहरूको विश्लेषण

| क्र.सं. | तह | अवरोध/बाधा विश्लेषण | मार्गदर्शनहरू |
|---|---|---|---|
| १ | नीति | • मौजुदा नीतिहरू के के छन् ? यिनले मविवसलाई कसरी प्रभाव पारेका छन् ?<br>• मन्त्रालयलको पहलबाट श्रोत साधन एवं लाभसँग सम्बन्धित विद्यमान असमानतालाई परिवर्तन गर्न सकिने सम्भावना बोकेका नीतिहरू के के हुन् (उदाहरणका लागि समाजमा विद्यमान श्रम विभाजन कार्यमा परिवर्तन ल्याउने, श्रोत साधन एवं निर्णय प्रक्रियामा महिला र पुरूष एवं वञ्चित समूह र गैर वञ्चितसमूह बीचको समान पहुँच कस्तो छ) ? | • सरकारी एवं मन्त्रालयका नीतिहरू, ऐन एवं नियमावलीहरू (नीति विश्लेषणका लागि अनुसूची-१), कार्यक्रम र आयोजना शोचतालिका (Log Frame) तथा आयोजना मार्गदर्शनहरू, नीतिगत बुँदाहरू, अन्य मार्ग निर्देशनहरू र साभ्रेदारहरूका शोचतालिका आदिको समीक्षा गर्ने ।<br>• विभिन्न अवरोधहरू हटाउन विद्यमान समस्याहरूको पहिचान गर्ने । |

| क्र.सं. | तह | अवरोध/बाधा विश्लेषण | मार्गदर्शनहरू |
|---|---|---|---|
| २ | कार्यक्रम एवं बजेट निर्धारण | • मन्त्रालयद्वारा के कस्ता पहलहरू भएका छन् ? यी पहलहरूले मविवसलाई कसरी प्रभाव पारेको छ ? (जस्तै पहलहरूबाट सिर्जित अवसर सम्मको पहुँचमा लिङ्ग, जाति एवं जातीय विविधताले कसरी सहयोग अथवा रोकावट गरेका छन् ? के ती पहलहरूमा समावेशीकरणका लक्ष्य एवं नतिजा सूचकहरू पहिचान गरिएका छन् ? के यसमा अनुगमन तथा मूल्याङ्कन प्रणालीका लागि पर्याप्त खण्डीकृत तथ्याङ्क समावेश गरिएको छ ?)<br>• मविवसको मुद्दाहरूलाई सम्बोधन गर्न छानिएका क्रियाकलापहरूका लागि के–कस्तो बजेट बाँडफाँड एवं खर्चको व्यवस्था छ ? | • मन्त्रालय एवं साझेदार संघसंस्थाहरूको कार्यक्रम तथा आयोजनाहरूको वार्षिक बजेट (ढाँचाको लागि अनुसूची-३) समीक्षा गर्ने; निर्धारित क्रियाकलापहरूमा लैससास सम्बन्धी मुद्दाहरू कत्तिको सही ढङ्गले सम्बोधन गरिएका छन् एवं सो का लागि छुट्टयाइएको बजेटको प्रतिशत पहिचान गर्ने । बजेट निर्धारणका क्रममा पहिचान गरिएका क्रियाकलापहरू कत्तिको उपयोगी छन् एवं त्यस्ता क्रियाकलापहरूको प्रतिशत के–कति छ, समीक्षा गर्ने ।<br>• अनुगमन तथा मूल्याङ्कन प्रणाली तथा क्षेत्रगतरूपमा विशेष पहलद्वारा तयार भएका आवधिक एवं विशेष प्रतिवेदन तथा अध्ययन नमूनाहरूको समीक्षा गर्ने । |

| क्र.सं. | तह | अवरोध/बाधा विश्लेषण | मार्गदर्शनहरू |
| --- | --- | --- | --- |
| ३ | संस्थागत संरचना तथा प्रक्रियाहरू | • मन्त्रालय अन्तर्गत कस्ता प्रकारका संस्थागत/संगठनात्मक संरचना, संयन्त्र एवं प्रकृयाहरू छन् ? यिनीहरू आयोजना क्षेत्रका वञ्चित समूहको सरोकार एवं आवश्यकता प्रति कत्तिको उत्तरदायी छन् ? (जस्तै स्थानीय तहदेखि राष्ट्रिय तहसम्मका आयोजना अन्तर्गत गठित समिति, आयोजना कार्यालय र अन्य निकायहरू कत्तिको समावेशी छन् ? विद्यमान विभिन्न संस्थाहरूको लैससास सम्बन्धमा के-कस्ता भूमिका एवं उत्तरदायित्वहरू छन् ?)<br>• मविवसलाई आयोजनाको योजना तर्जुमा तथा अनुगमन प्रक्रियाको अङ्ग बनाउनका लागि कस्ता खालका संरचना एवं संयन्त्रहरू छन् ?<br>• कर्मचारी नियुक्ति, सरूवा-बढुवा एवं कार्यसम्पादन मूल्याङ्कन : लिङ्ग, क्षेत्र, जाति, जातीयता एवं अन्य | • आयोजना पहिचान, आयोजना कार्यालय, साझेदार संघसंस्थाहरू, स्थानीय सरकारी साझेदार आदि (ढाँचाको लागि अनुसूची-२)सँग सम्बन्धित खण्डीकृत विवरण तयार गर्ने ।<br>• मन्त्रालय मातहतका विभागहरू, डिभिजन/सव-डिभिजन कार्यालयहरू एवं कर्मचारीहरूको विवरण जस्तै आयोजना प्रमुख, योजना अधिकृत, समाजशास्त्री, फिल्ड सहजकर्ता, अनुगमन तथा मूल्याङ्कनकर्ता साथै अन्य कर्मचारीहरूको सम्बन्धित कार्यक्षेत्रगत शर्त (Terms of Reference (ToR) एवं कार्य विवरणहरूको समीक्षा गर्ने ।<br>• महिलाहरूले भोगिरहेका समस्या तथा उनीहरूको आवश्यकताहरूलाई |

| क्र.सं. | तह | अवरोध/बाधा विश्लेषण | मार्गदर्शनहरू |
|---|---|---|---|
| | | आधार अनुरूप कर्मचारी संरचनाहरूमा के–कस्तो विविधता छ ? महिलासँग सम्बन्धित विशेष प्रकारका सवालहरू एवं अवरोधहरूलाई पहिचान गर्न के–कस्ता व्यवस्थाहरू छन् ? (उदाहरणका लागि सुत्केरी विदा, स्तनपान एवं शिशु स्याहारको व्यवस्था, लैङ्गिक मैत्री शौचालयको सुविधा, उपयुक्त कार्यसमय र सुरक्षा) ।<br>• कार्यसम्पादन मूल्याङ्कन प्रणालीले कसरी कर्मचारीहरूको लैङ्गिक तथा समावेशीकरणका सवालहरूलाई सम्बोधन गरेको छ ?<br>• मन्त्रालय एवं मातहतका सबै निकायहरूमा कस्तो प्रकारको कार्यशैली छ र यो महिला एवं वञ्चित समूहको लागि सुविधाजनक तवरले काम गर्नलाई कत्तिको अनुकूल छ ? उनीहरूप्रति गैर वञ्चित समूहको व्यवहार कस्तो छ ? | सम्बोधन गर्न मौजुदा नीतिहरूको समीक्षा गर्ने ।<br>• महिला कर्मचारी एवं सामाजिक रूपले वञ्चित समूहका कर्मचारीहरूको काम गर्ने वातावरणसँग सम्बन्धित समस्याहरू पहिचान गर्न उनीहरूसँगको अन्तरक्रिया एवं वार्तामा सहजिकरण गर्ने । |

| क्र.सं | तह | अवरोध/बाधा विश्लेषण | मार्गदर्शनहरू |
|---|---|---|---|
| ४ | राजनैतिक संस्थाहरू, सामाजिक/ सामुदायिक समूह तथा स्थानीय संघ-संस्थाहरू | • वञ्चित समूह भनी पहिचान गरिएका समूहको के-कस्ता आर्थिक, सामाजिक विशेषताहरू छन् जसको फलस्वरूप उनीहरू आयोजना मार्फत हुने लाभ प्राप्तिको अवसरबाट वञ्चित हुन पुगेका छन् ?<br>• आयोजनामा के-कस्ता रोजगारीका सम्भावनाहरू छन् एवं यी रोजगारीका अवसरहरूबाट मविवसलाई बिमुख गराउने खालका सीप, गतिशीलता (Mobility), सामाजिक मूल्य मान्यता आदि सम्बन्धमा के-कस्ता अवरोधहरू छन् ?<br>• आयोजनाको श्रोत साधनहरूमा क-कसको पहुँच एवं नियन्त्रण छ ?<br>• के राजनैतिक दलहरूले आयोजनामा चाख राखेका छन् ? राष्ट्रिय तहमा मन्त्रालय तथा अन्य सम्वन्धित मुख्य संघ संस्थाहरूसँग ती दलहरूको के कस्तो सम्बन्ध छ ?<br>• कुन स्तरको राजनैतिक प्रतिबद्धता छ ? | • खण्डीकृत तथ्याङ्क (सामाजिक तथा आर्थिक) को विश्लेषण गर्ने ।<br>• वञ्चितसमूह एवं गैर वञ्चित समूहसँग परामर्श एवं अन्तरक्रिया गर्ने ।<br>• आयोजनाद्वारा रोजगारी सिर्जना गर्ने; आयोजनाका कर्मचारी एवं लक्षित समूहसँग परामर्श गरी महिला एवं सामाजिक रूपले वञ्चित समूह आयोजनाबाट लाभ प्राप्त गर्न असफल हुनसक्ने कारणहरू पहिचान गर्ने ।<br>• मन्त्रालय अन्तर्गतका आयोजनाहरूमा सामान्यतया ठूलो मात्रामा बजेट लगानी हुने र त्यसले राजनीतिकर्मी तथा उद्योगी–व्यापारी वर्गहरूबीच धेरै उत्सुकता तथा चासो उत्पन्न हुनसक्ने हुनाले विभिन्न राजनीतिकर्मी तथा उद्योगी-व्यापारीहरूको सरोकारबारे विश्लेषण गर्ने । |

| क्र.सं. | तह | अवरोध/बाधा विश्लेषण | मार्गदर्शनहरू |
|---|---|---|---|
| ५ | घरायसी/ सामुदायिक | • मविवसको अवस्था विश्लेषण (घरायसी एवं सामुदायिक तहमा के कस्ता सामाजिक, सांस्कृतिक प्रचलन, मूल्य मान्यता र परम्पराले मविवसको श्रोत साधन, अवसर एवं सेवा सम्मको पहुँचमा अवरोध गरेका छन् ? के-कस्ता नियम, प्रचलन, श्रम विभाजन, सामाजिक अपेक्षा, भिन्नताहरू विद्यमान छन् जसले गर्दा आयोजनामा तिनीहरूको पहुँचमा प्रभाव परेको छ ?) । | • आयोजना डिजाइनको पूर्वसम्भाव्यता अध्ययन अवधिमा सहभागितात्मक ग्रामीण लेखाजोखा र सहभागितात्मक सिकाइ तथा विश्लेषण (सामाजिक नक्शाङ्कन, श्रम, पहुँच एवं नियन्त्रण विवरण, बसाइ-सराइको अवस्था आदि) विधि प्रयोग गर्ने ।<br>• Self-esteem Associative Strengthen Resourcefulness Action Planning Responsibilties (SARAR), Participatory Hygiene and Sanitation Transformation (PHAST) आदि जस्ता विभिन्न विधिहरूको प्रयोग गर्ने ।<br>• प्रस्तावित आयोजनाको पूर्व सम्भाव्यता एवं सम्भाव्यता अध्ययनको अवधिमा सामाजिक प्रभाव मूल्याङ्कन गर्ने ।<br>• राष्ट्रिय जनगणना, Nepal Living Standards Survey (NLSS), District |

| क्र.सं. | तह | अवरोध/बाधा विश्लेषण | मार्गदर्शनहरू |
|---|---|---|---|
| | | | Health Survey (DHS) सँग सम्बन्धित तथ्याङ्क, मन्त्रालयको दस्तावेज, पूर्वाधार विकास निर्माण सम्बन्धी प्रतिवेदन, कार्यक्रम तथा आयोजना सम्बन्धी दस्तावेज, उपलब्ध सूचना एवं लैङ्गिक तथा सामाजिक विश्लेषण आदिको समीक्षा गर्ने ।<br>• आयोजना क्षेत्रमा मविवसको विद्यमान अवस्था बुझ्न खण्डीकृत तथ्याङ्क एवं आधारभूत तथ्य तथा प्रमाणहरू सङ्कलन गर्ने ।<br>• आयोजनाका लागि श्रमको उपलब्धता पहिचान गर्न लिङ्ग, उमेर, शिक्षा, जाति, धर्म एवं आर्थिक स्तर तथा सीप सम्बन्धी खण्डीकृत तथ्याङ्कहरू सङ्कलन गर्ने । |

## ३.२ आवश्यकता विश्लेषण (Need Assessment)

यस चरणमा आयोजना क्षेत्रभित्रका मविवसको आवश्यकता पहिचान गरी वर्तमान स्थितिबारे आयोजना तयारी सम्बन्धी टोलीलाई जानकारी गराउनु पर्दछ । लिङ्ग, जात र जातीयतासँग सम्बन्धित तथ्याङ्कलाई खण्डीकृत गरी मविवसको सहभागिता सुनिश्चित गर्नुपर्दछ । यसका साथै मविवसको आवश्यकता एवं आकांक्षाहरू सुनिश्चित भएका छन् कि छैनन् भन्ने बारे लेखाजोखा समेत गर्नुपर्दछ । यसका लागि सामाजिक नक्शाङ्कन र लक्षित समूहहरूसँग छलफल (Foucs Group Discussion-FGD), सार्वजनिक सुनुवाई आदि जस्ता उपयुक्त विधिहरूको प्रयोग गर्नुपर्दछ ।

## ३.३ आयोजना तयारी (Project Preparation)

यस अन्तर्गत प्राविधिक, आर्थिक, वित्तीय तथा संस्थागत सवालहरूसँग सम्बन्धित विस्तृत सम्भाव्यता अध्ययनको साथै स्थलगत लेखाजोखा, सामाजिक एवं वातावरणीय पक्षको मूल्याङ्कन गरिनु पर्छ । यसले आयोजनाका उद्देश्य, औचित्य, कार्यक्षेत्र एवं लागतबारे जानकारी गराउँदछ र लक्षित समूहहरूमा आयोजनाबाट पर्नसक्ने असरहरू (सकारात्मक एवं नकारात्मक ) बारे अध्ययन विश्लेषण गर्न पनि मद्दत पुऱ्याउँदछ ।

यस चरणमा आवश्यकता पहिचानमा आधारित उपयुक्त प्रक्रियाहरूको विकास गर्नुपर्दछ । यसका अतिरिक्त नीति, कार्यक्रम, क्रियाकलाप, श्रोत साधनको बाँडफाँड, संस्थागत व्यवस्थाहरू एवं कर्मचारी प्रोत्साहनका साथै अनुगमन र प्रतिवेदन लेखन कार्यलाई सुदृढ गरिनुका साथै सामाजिक, सांस्कृतिक व्यवधानहरू एवं नीतिगत ढाँचा वा सेवाप्रवाह प्रणालीमा रहेका कमजोरीहरूको पहिचान गर्नुपर्छ । आयोजनाको डिजाइनमा माथि उल्लेखित विभिन्न तहहरूमा वञ्चित समूहहरूले सामना गर्नुपर्ने निश्चित अवरोधहरूलाई सम्बोधन गर्नुपर्दछ । यस सम्बन्धमा चालिनुपर्ने मुख्य कदमहरू निम्नानुसार रहेका छन् :

**तालिका २ :** आयोजना तयारी : अवरोधहरूको सम्बोधनका लागि अपनाउनुपर्ने उपायहरू

| क्र.सं. | तह | अवरोध सम्बोधनका लागि उपायहरू | मार्गदर्शनहरू |
|---|---|---|---|
| १ | नीति | • नीतिहरू (जस्तैः राष्ट्रिय तहको निर्देशिका, सामुदायिक तहको आयोजनाको मापदण्ड तथा निर्देशिका, कार्यक्रमको लक्ष्य एवं उद्देश्य) सुनिश्चित गरिनुका साथै मविवसको अप्ठ्याराहरूलाई सम्बोधन गर्नका लागि आवश्यक स्वीकृती प्रदान गर्नुपर्दछ ।<br>• योजना तर्जुमा गर्दा तयार गरिने शोचतालिकामा परिलक्षित परिणामहरू मविवसका विशेषता र क्षमतालाई सुदृढ गर्ने एवं आवाजलाई सम्बोधन गर्ने तर्फ लक्षित हुनुपर्दछ । यसका साथै अन्यायपूर्ण र भेदभाव मूलक प्रचलनहरूलाई सम्बोधन गरिनुपर्दछ साथै महिला तथा वञ्चित समूहलाई बेफाइदा हुने प्रचलित | • मविवस लगायत अन्य सामाजिक समूहहरूका लागि सहभागितामूलक छलफल एवं कार्यशाला गोष्ठीहरू सञ्चालन गर्नुपर्नेछ । यस्ता कार्यक्रमहरू सञ्चालन गर्दा समय, स्थान, पद्धति, भाषा तथा विधिहरू मविवसलाई सहज हुने किसिमको हुनुपर्नेछ ।<br>• प्राविधिक एवं सामाजिक मुद्दाहरूलाई समेटी यसका लागि उद्देश्य, प्रतिफल, क्रियाकलापहरू एवं आवश्यक सूचकहरू तयार गरी उपलब्ध गराउनु पर्नेछ ।<br>• आयोजनाबाट सेवा प्राप्त गर्नका लागि सेवाग्राहीको पहिचान यकिन गर्न निम्न बुँदाहरूमा केन्द्रित हुनुपर्नेछः लिङ्ग, जाति, वर्ग, स्थान, जातीयता, उमेर अनुसारको |

| क्र.सं. | तह | अवरोध सम्बोधनका लागि उपायहरू | मार्गदर्शनहरू |
|---|---|---|---|
| | | संरचनात्मक ढाँचाहरूमा समेत परिवर्तन गर्ने लक्ष्य लिएको हुनुपर्दछ ।<br>• नीतिहरूमा भएको व्यवस्था अनुसार आयोजनाबाट प्राप्त हुने सेवा, अवसर एवं लाभमा पहुँचका लागि मविवसले सामना गर्नु परेका अप्ठ्याराहरूलाई सम्बोधन गर्न उपयुक्त समाधानका विधिहरूको विकास गरी लक्षित गरिएका/नगरिएका लैससास सम्बन्धी मुद्दाहरूको सम्बोधन गरिनु पर्दछ । | खण्डीकृत तथ्यांकको आधारमा विस्तृत अध्ययन गर्ने, आयोजनाबाट क-कसले लाभ प्राप्त गर्नेछन् ? लाभमा कसको नियन्त्रण हुने र यसबाट कसले न्यून लाभ प्राप्त गर्ने सम्भावना छ ? के लक्षित समूहहरूलाई स्पष्ट रूपमा पहिचान गरिएको छ अथवा उनीहरू को हुन् भनेर स्पष्ट पहिचान नगरीकन नै 'पिछडिएको' वा 'कमजोर' जस्ता विशेषणहरू दिइएको त छैन ? महिलाको भूमिका, उत्तरदायित्व, समय र श्रोत साधनमाथि उनीहरूको पहुँच एवं नियन्त्रणका साथै वञ्चित समूहहरूको क्षमता सम्बन्धमा के-कस्ता परिकल्पना गरिएका छन् ? आदी । |
| २ | संस्थागत संरचना एवं प्रक्रियाहरू | • आयोजनाका लागि मन्त्रालय मातहतका निकायहरूमा लैससासप्रति विशेष रूपले उत्तरदायी शाखा वा इकाई हुनुपर्दछ । लैससासका मुद्दाहरूलाई | • विभिन्न तहमा लैससाससँग सम्बन्धित उत्तरदायित्वको पहिचान गर्ने, विद्यमान संयन्त्रको समीक्षा गर्ने र उक्त संयन्त्रद्वारा पहिचान गरिएका उत्तरदायित्वहरूको कसरी सम्बोधन भइरहेको |

| क्र.सं. | तह | अवरोध सम्बोधनका लागि उपायहरू | मार्गदर्शनहरू |
|---|---|---|---|
| | | सम्बोधन गर्न संस्थागत संरचनालाई पर्याप्त श्रोत साधन सम्पन्न बनाईनुपर्छ एवं प्राविधिक सहयोगका लागि आवश्यक अधिकार प्रदान गर्नुपर्दछ ।<br>• नीति निर्माणकर्ता एवं प्राविधिक कर्मचारीहरू सबैको कार्यक्षेत्रगत शर्त तथा कार्यविवरणमा लैससास सम्बन्धी सवालहरूमा समेत कार्य गर्ने गरी उनीहरूको जिम्मेवारी तोकिएको हुनुपर्दछ ।<br>• कर्मचारी संरचनालाई समावेशी बनाई मविवसहरूलाई जिम्मेवार तहमा पुऱ्याउने प्रयास गर्नुपर्दछ ।<br>• कर्मचारी नियुक्ति, बढुवा तथा क्षमता अभिवृद्धि सम्बन्धी विद्यमान मानव–संसाधन नीतिहरू लैससास उत्तरदायी हुनुपर्दछ । | छ ? केले काम गरेको छ वा छैन र किन ? कुन विद्यमान संरचनाले सहभागीतात्मक प्रक्रिया मार्फत् लैससाससँग सम्बन्धित उत्तरदायित्वलाई प्रभावकारी बनाएको छ र के कस्ता नयाँ दक्षता एवं विधिहरू आवश्यक छन् सो को आधारमा पहिचान गरी तदनुरूप आयोजनाको डिजाइन तयार गर्ने ।<br>• मन्त्रालय मातहतका निकायहरूमा कार्यरत प्राविधिक एवं अप्राविधिक कर्मचारीहरूको कार्यक्षेत्रगत शर्त (ToR) र कार्यविवरणको तयारी, समीक्षा एवं परिमार्जन गरी लैससास उत्तरदायी बनाउने ।<br>• लैससाससँग सम्बन्धित प्रतिफलमा सुधार ल्याउन सफल कर्मचारीहरूको उचित मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था गर्ने ।<br>• कर्मचारी नियुक्तिका सम्बन्धमा मविवसहरूका मुद्दाहरूको पहिचान गर्ने; |

| क्र.सं | तह | अवरोध सम्बोधनका लागि उपायहरू | मार्गदर्शनहरू |
|---|---|---|---|
| | | • लैससास सम्बन्धी त्रि७याकलापहरूमा आबद्ध कर्मचारीद्वारा भएका काम कारबाहीहरूलाई कार्यसम्पादन प्रणालीमा उच्च मूल्याङ्कनका साथ स्थान दिइनुपर्दछ । | रिक्त पदहरूको सम्बन्धमा वैकल्पिक रणनीतिहरू अपनाई स्थानीय भाषामा विभिन्न माध्यमहरूबाट सूचना प्रवाह गर्ने । स्थानीय भाषाको ज्ञान, स्थानीय समुदाय तथा संस्कृति आदिको जानकारी जस्ता पक्षलाई आवश्यक योग्यताको रूपमा परिभाषित गर्नका लागि मानव-संसाधन नीतिहरूको समीक्षा गर्ने । |
| ३ | विभिन्न संस्थाहरू (घरधुरी, राजनैतिक दल, सामाजिक र सामुदायिक समूह एवं अन्य स्थानीय संघ-संस्थाहरू) | • आयोजनाबाट प्राप्त हुने प्रतिफलबाट प्रतिकुल असर हुन नदिनका लागि मविवसको मानवअधिकार हनन सम्बन्धी मुद्दाहरूको सम्बोधन गर्न अनौपचारिक संस्थाहरूद्वारा विभिन्न क्रियाकलापहरू (जस्तै प्रभावकारी संवाद तथा वकालत) कार्यान्वयन गरिनुपर्छ ।<br>• मूल्य, मान्यता एवं प्रवृतिमा परिवर्तन ल्याउनका लागि | • छलफल, परामर्श एवं विगतका प्रयासहरूको समीक्षा गरी कार्यान्वयनमा के-के कुराले अवरोध गरेको छ र के-कस्ता व्यवहारिक समस्या एवं सामाजिक मूल्य मान्यताहरू चुनौतीका रूपमा रहेका छन् सो को पहिचान गर्ने ।<br>• घरमुली, सामुदायिक एवं स्थानीय नेतृत्वकर्ता, बुद्धिजिवी तथा मविवसहरूसँग सहकार्य गर्नका लागि आवश्यक विधिहरूको पहिचान गर्ने (उदाहरणको लागि |

| क्र.सं. | तह | अवरोध सम्बोधनका लागि उपायहरू | मार्गदर्शनहरू |
|---|---|---|---|
| | | स्थानीय समूह तथा बुद्धिजिवीहरूसँगको सहकार्य गर्ने सम्बन्धमा आवश्यक रणनीति बनाउनु पर्दछ। | स्थानीय नेताहरू तथा निर्णयकर्ताहरूसँगको सहकार्यमा गरिबी विश्लेषण, महिला सशक्तीकरणको मुद्दामा पुरूषहरूसँग प्रभावकारी सम्वाद तथा लैङ्गिक हिंसा, छाउपडी प्रथा, दाइजो प्रथा, बोक्सी प्रथा आदि जस्ता सामाजिक कुरीतिहरूका विरूद्ध अभियान सञ्चालन)। |
| ४ | कार्यक्रम एवं बजेट निर्धारण | • लैङ्गिक/जातीय एवं वञ्चितीकरणका विविध आयामहरू (Dimensions) को सम्बोधनका लागि सहज वातावरण सिर्जना गर्न र भेदभावमूलक सामाजिक मूल्य मान्यताहरू एवं औपचारिक नीतिहरूमा परिवर्तन ल्याउनका लागि आवश्यक क्रियाकलापहरू सञ्चालन गर्न साङ्गठनिक तहमा लैङ्गिक तथा | • कार्यक्रम, क्रियाकलापहरू र बजेटको विस्तृत रूपमा समीक्षा गर्ने र प्रत्येक क्रियाकलापका कारण मविवसमा पर्नसक्ने सम्भावित प्रभावहरूको मूल्याङ्कन गर्ने।<br>• पहिचान गरिएका अवरोधहरूको सम्बोधन गर्न विविध क्रियाकलापहरूका लागि छुट्टयाइएको बजेटको प्रतिशत बारे अवगत गर्ने एवं यसबाट मविवसलाई |

| क्र.सं. | तह | अवरोध सम्बोधनका लागि उपायहरू | मार्गदर्शनहरू |
|---|---|---|---|
| | | समावेशीकरण सम्बन्धी जागरण, क्षमता अभिवृद्धि, शिशु स्याहार, कार्य स्थलको सुरक्षा एवं मविवसले भोग्नुपरेका अप्ठ्याराहरूको सम्बोधन गर्नका लागि आवश्यक श्रोत साधनहरूको व्यवस्थापन र लैङ्गिक रूपमा सन्तुलित कर्मचारी व्यवस्थापनका लागि कार्यक्रमहरू तथा यसका लागि आवश्यक बजेट निर्धारण गर्नुपर्दछ । | समानरूपले लाभ प्राप्त गर्न समर्थ बनाउँछ कि बनाउँदैन भन्ने विश्लेषण गर्ने । |

## ३.४ आयोजना पूर्वमूल्याङ्कन (Project Appraisal)

आयोजना स्वीकृत गर्नु अगावै आयोजना तयारी चरणमा भएका अध्ययन, उपलब्ध विकल्पहरू, प्राप्त सुझावहरू एवं आयोजना कार्यान्वयन आदिको विविध पक्षबाट समीक्षा गर्नुपर्छ । अनुमोदन गर्नुभन्दा अघि स्थापित विभिन्न मापदण्डहरू (नीति, प्राविधिक, आर्थिक, वित्तिय, सामाजिक आदि) का आधारमा नेपाल सरकार तथा दाताहरूबाट आयोजनाको मूल्याङ्कन गरिनुपर्छ ।

प्रस्तावित आयोजनामा लैससासका मुद्दाहरूलाई उचित ढङ्गले सम्बोधन गर्न निम्न बुँदाहरूमा ध्यान दिनुपर्नेछ :

क) आयोजनाको डिजाइनमा मविवसको संलग्नताको स्तर के कस्तो छ ? के आयोजनाको डिजाइनसँग सम्बन्धित विषयमा उनीहरूको आवश्यकता एवं आवाजलाई सम्बोधन गर्न आवश्यक संयन्त्र एवं प्रक्रियाहरू समावेश गरिएका छन् ?

ख) मविवसको विद्यमान अवस्थालाई आयोजनाले कति उचित ढङ्गले पहिचान गरेको छ ?

ग) आयोजनाको श्रोत, साधन र अवसरहरूमा पहुँच एवं आयोजनाबाट लाभ प्राप्तिका लागि मविवसले भोगीरहेका समस्या एवं क्षमता अभिवृद्धिको विषयलाई सम्बोधन गर्न के–कस्ता कदमहरू चालिएका छन् ?

घ) लैङ्गिक एवं समावेशीकरणको विषयहरूलाई सम्बोधन गर्न के–कस्ता नीतिगत आदेश, निर्देशनहरू एवं संस्थागत व्यवस्थाहरू गरिएका छन् ?

ङ) मविवसलाई श्रोत साधन र अवसरहरूमा पहुँचका लागि बाधक रहेका विभिन्न सामाजिक, सांस्कृतिक अवरोधहरूलाई सम्बोधन गरी आयोजनामा उनीहरूको प्रभाव बढाउन तथा उपलब्ध सुविधाहरू प्राप्त गर्न सक्ने क्षमताको विकास गर्नका लागि के कस्ता क्रियाकलापहरू प्रस्ताव गरिएका छन् र सेवा प्रदायकलाई लैससास प्रति उत्तरदायी बनाउनको लागि क्षमता अभिवृद्धि गराउने सम्बन्धमा के कस्तो प्रस्ताव गरिएको छ ?

च) के अनुगमन, मूल्याङ्कन एवं प्रतिवेदनका लागि खण्डीकृत तथ्याङ्कको आवश्यकता छ र यसबाट मविवसमा पर्ने प्रभावका कारण उत्पन्न परिणामको अनुगमन गर्न सकिन्छ ?

## ३.५ आयोजना कार्यान्वयन (Project Implementation)

आयोजना कार्यान्वयन चरणमा अन्तिम (Final) इन्जिनियरिङ्ग डिजाईन, बोलपत्र सम्बन्धी कागजातहरूको तयारी, अन्य निर्माणपूर्व गरिने कार्यहरू (उदाहरण स्वरूप जग्गा प्राप्ति, सम्बन्धित निकायहरूबाट प्राप्त हुने स्वीकृती, पूर्वाधार विकासका अन्य कार्यालयहरूसँग समन्वय), बोलपत्र आव्हान, उपभोक्ता समितिसँग सम्झौता, निर्माण अथवा आवश्यक उपकरणहरूको जडान आदि जस्ता विषयहरू समेटिन्छन् । निर्माण बाहेकका क्रियाकलापहरू अन्तर्गत जागरण, अभिमुखीकरण, तालिम एवं संस्थागत विकास आदि पर्दछन् । यस चरण अन्तर्गत आयोजना व्यवस्थापन, गुणस्तरीयता सम्बन्धी प्रतिबद्धता, कार्यप्रगति प्रतिवेदन र अनुगमन तथा लक्षित समूहहरू (लाभग्राही र आयोजनाबाट प्रभावित समूह दुवै) को सहभागिता पनि पर्दछन् ।

यस चरण अन्तर्गत लैससासको दृष्टिकोणबाट समावेश गरिनुपर्ने पक्षहरू यसप्रकार रहेका छन् :

**तालिका ३** आयोजना कार्यान्वयन : लैससास मूलप्रवाहीकरणका चरणहरू

| क्र.सं. | आयोजनाका चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १ | अन्तिम इन्जिनियरिङ्ग डिजाइन | • डिजाइनमा सम्भव भएसम्म मविवस सहित सबैको सुझावहरू (उदाहरणको लागि जग्गा विकास, खानेपानी तथा सरसफाइ, आवास तथा भवन निर्माण आदि सम्बन्धी)लाई डिजाइनमा समावेश गर्नुपर्ने । यसरी गरिने डिजाइन महिला, अपाङ्गता र अशक्तमैत्री बनाउने ।<br>• उप-आयोजनाहरूको छनौट गर्दा स्थानीय श्रमलाई प्रोत्साहन गर्ने किसिमको हुनुपर्ने । |
| २ | बोलपत्र सम्बन्धी कागजात तयारी | • विद्यमान नीति-नियम अनुसार बोलपत्र तयार गर्दा निर्माण व्यवसायीसँग गरिने शर्तनामामा महिला एवं विभिन्न सामाजिक समूहहरूको सहभागिता सुनिश्चित गर्ने । |
| ३ | निर्माणपूर्वको क्रियाकलापहरू | • जग्गा अधिग्रहण सम्बन्धी सूचना जारी गर्दा नेपाली भाषामा हुनुपर्ने साथै सर्वसाधारणलाई विभिन्न संचार माध्यमद्वारा सो को जानकारी गराउनुपर्ने, प्रभावित घरधुरीको सर्वेक्षण र क्षतिपुर्तिको लागत अनुमान गर्दा खण्डीकरण विधि अपनाई मविवस लाभान्वित हुनेगरी गरिनु पर्ने, स्थानीय संघसंस्था, सरकारी निकाय एवं मविवससँग समन्वय गरिनुका साथै सम्भव भएसम्म स्थानीय निर्माण सामाग्री, कामदार, औजार तथा प्रविधिको अधिकतम उपयोग गर्ने । |
| ४ | बोलपत्र आव्हान / उपभोक्ता समितिसँगको सम्झौता | • बोलपत्र प्रक्रियामा महिलाहरूको सहभागिताका लागि अनुकूल वातावरण बनाउने उद्देश्य अनुरूप बोलपत्र आव्हान सम्बन्धी सकारात्मक नियमहरू बनाउनका लागि विद्यमान ऐन नियमको समीक्षा गर्ने ।<br>• महिलाहरूको सशक्तीकरण गर्न तथा निर्माण व्यवसायीको प्रमाणपत्र प्राप्त गर्ने आधारहरू महिलाहरूको हकमा सहयोगीपूर्ण बनाउन सार्वजनिक खरीद ऐनको समीक्षा गर्ने । |

| क्र.सं. | आयोजनाका चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | • सार्वजनिक संरचनाको निर्माण कार्यमा महिलाका लागि रोजगारी तथा पुरूष सरह पारिश्रमिकको सुनिश्चितता गर्ने ।<br>• महिला र पुरूष दुवैका लागि सुरक्षित रूपमा काम गर्ने वातावरणको व्यवस्था गर्ने ।<br>• निर्माण व्यवसायीद्वारा हुने निर्माणकार्यमा बालश्रमको प्रयोग हुन नदिने ।<br>• महिला, दलित, जनजाति एवं अन्य वञ्चित समूहले निर्माण कार्यहरूबाट प्रत्यक्ष लाभ प्राप्त गर्न सकून् भन्ने सुनिश्चित गर्नका लागि निर्माण व्यवसायीसँगको सम्झौतामा यसलाई शर्तको रूपमा राख्ने ।<br>• सम्बन्धित निकायहरूबाट प्रमाणीकरणका लागि कामको दैनिक हाजिरी व्यवस्थित रूपमा राख्ने । |
| ५ | निर्माण तथा औजार जडानकार्य | • निर्माणकार्यहरूका लागि आवश्यक सिकर्मी, डकर्मी, प्लम्बर, तारजालीबुन्ने, अलकत्रा सम्बन्धी काम एवं विभिन्न यन्त्रहरू चलाउने जस्ता कामसँग सम्बन्धित तालिमहरू मविवसलाई प्रदान गर्ने ।<br>• अर्थपूर्ण महिला सहभागिता एवं सोको परिपालन उचित तवरले भएको छ कि छैन भन्ने सुनिश्चित गर्नका लागि नियमित अनुगमन गर्ने । |
| ६ | निर्माण बाहेकका क्रियाकलापहरू | • व्यवहार तथा प्रवृतिमा परिवर्तन ल्याउन, अनौपचारिक शिक्षा तथा लघुवित्त कार्यक्रम मार्फत श्रमिकहरूलाई सहयोग गर्न र शिशु स्याहार एवं स्तनपानको सुविधा पुऱ्याउनका लागि पुरूष तथा सम्पन्न वर्गसँग छलफल एवं यस सम्बन्धी वकालत गर्ने । |

## ३.६ लाभ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाहरू

लाभ अनुगमन तथा मूल्याङ्कन (Benefit Monitoring and Evaluation-BM&E) एउटा महत्त्वपूर्ण प्रक्रिया हो जसले आयोजनाबाट आशातीत प्रतिफलहरू प्राप्त भएका छन् कि छैनन् भन्ने पत्ता लगाउँछ । यसका लागि विकासका प्रतिफल एवं परिणामसँग सम्बन्धित खण्डीकृत तथ्याङ्कहरू सङ्कलन गर्नुपर्नेछ । लाभ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाहरूमा आधारित भएर तयार पारिएको प्रतिवेदन सम्बन्धित व्यवस्थापन निकायहरू समक्ष पेश गर्नुपर्नेछ । यसले आयोजना व्यवस्थापक तथा योजनाकारहरूलाई आवश्यक क्षेत्रहरूको पहिचान गर्न मद्दत पुऱ्याउनेछ । यसले प्राप्त नतिजाको आधारमा आयोजना डिजाइनमा सुधार गरी निर्दिष्ट उद्देश्यहरू प्राप्त गर्न सक्नुका साथै महत्वपूर्ण उपलब्धिका रूपमा प्राप्त जानकारीहरूलाई भविष्यमा अझ राम्रा आयोजनाहरू डिजाईन गर्ने कार्यमा प्रयोग गर्न सकिन्छ ।

हाल मन्त्रालय, विभाग, क्षेत्रीय निर्देशनालयको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनका ढाँचा (Format) हरूले पर्याप्त मात्रामा लैससासका पक्षहरू समेट्न नसकेका कारणले यी प्रतिवेदनका ढाँचाहरूको समीक्षा गर्न आवश्यक छ । यसका लागि राष्ट्रिय योजना आयोगको प्रतिवेदनका ढाँचाहरू बाहेक मन्त्रालयले प्रयोग गर्ने प्रतिवेदनको ढाँचाहरूले अनुगमन प्रक्रिया एवं लैससास प्रतिबिम्बित हुने जानकारीका साथै खण्डीकृत तथ्याङ्कको लागि आवश्यक आधारहरू तयार गर्नेछ । यसअनुसार प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मेवारी मातहतका विभाग तथा निकायहरूको हुनेछ । मन्त्रालय एवं यस अन्तर्गतका विभागहरूले यसलाई नियमित रूपमा चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्नेछ । लैससास सम्बन्धी विभिन्न पक्षहरूको कार्यान्वयन आयोजनाहरूमा भए नभएको हेर्नका लागि नियमित रूपमा अनुगमन गर्नुपर्नेछ । यसका अतिरिक्त तेश्रो पक्षबाट नियमित रूपमा लाभ अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनुका साथै लैससासको अवधारणालाई आयोजनाहरूमा सही रूपमा प्रयोग गरी राम्रो नतिजा देखाउने आयोजनालाई पुरस्कारको व्यवस्था गर्नुपर्नेछ ।

◊◊◊

## परिच्छेद ४

# खानेपानी, सरसफाइ तथा स्वच्छता (Water Sanitation and Hygiene-WASH) को क्षेत्रमा लैससास मूलप्रवाहीकरण

खानेपानी, सरसफाइ तथा स्वच्छता (Water Sanitation and Hygiene-WASH) क्षेत्रका विभिन्न चरणहरूमा लैससास मुलप्रवाहीकरणका लागि कार्यमूलक मार्गनिर्देशन प्रदान गर्नका लागि देहाय बमोजिमका क्रियाकलापहरू गरिनु पर्छ ।

## ४.१ नीतिगत मुद्दाहरू

**तालिका ४** WASH क्षेत्रमा लैससास मूलप्रवाहीकरणका लागि नीतिगत मुद्दाहरू

| क्र. सं. | आयोजनाका चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १ | आयोजनाको तयारी एवं विकास चरण | • विपन्न एवं वञ्चित समूहहरूको बाहुल्यता भएको स्थान लगायत विकट एवं दुर्गम क्षेत्रहरूमा खानेपानी तथा सरसफाइका कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयनमा जोड दिने ।<br>• कुनै पनि प्रकारका सामाजिक लेखाजोखा एवं सर्वेक्षणका कार्यहरू सञ्चालन गर्दा खण्डीकृत तथ्यांक तथा प्रमाणलाई अनिवार्य रूपमा सङ्कलन गर्ने ।<br>• आयोजना चक्रको समग्र पक्षहरूमा लैससासको मुद्दालाई समाहित गरी सम्बोधन गर्ने ।<br>• सामाजिक क्रियाकलापहरू जस्तै कुनै पनि क्षेत्रमा प्रतिकूल प्रभाव पार्ने विभेदपूर्ण व्यवहार तथा परम्परावादी सोच विरूद्धको वकालत, आयोजनामा मविवसको सक्रिय सहभागिता अभिवृद्धिका लागि शिक्षा, सचेतना, अभिमुखीकरण तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालनार्थ बजेट शीर्षकको बाँडफाँड, निकासा र कार्यान्वयनमा प्राथमिकता दिने । |

| क्र. सं. | आयोजनाका चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| २ | कार्यान्वयन चरण | • करार सम्बन्धी शर्तनामाहरूमा लैससास मुद्दालाई सम्बोधन गर्न निश्चित मापदण्ड र शर्तहरू अनिवार्य रूपमा किटान गर्ने ।<br>• स्थानीय स्तरमा निर्माण सामाग्रीहरूको आपूर्ति व्यवस्थापनमा स्थानीय महिला समूहहरू तथा महिलाहरूद्वारा सञ्चालित सहकारी संस्थाहरूलाई सकारात्मक पहल सहित प्रवर्द्धन गर्ने । यसका लागि सम्बन्धित उपभोक्ता समितिको विधानमा आवश्यक परिमार्जन सहित उक्त प्रावधानको व्यवस्था राखी कार्यान्वयन गर्ने ।<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सवालहरूको सम्बोधन तथा लक्षित समुदाय एवं घरधुरीमा तत्सम्बन्धी गुणस्तरीय सेवा प्रदान गर्न सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूको तालिम सञ्चालनका लागि स्वास्थ्य तथा जनसंख्या र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयसँग समन्वय गर्ने ।<br>• जनसंख्याको विविधता अनुरूप आयोजनामा सबैको प्रतिनिधित्व हुनेगरी स्थानीय कर्मचारीहरूको नियुक्ति गर्ने ।<br>• तोकिएको ढाँचामा लैससास सम्बन्धी मुद्दाहरू सम्बोधन गर्दै आयोजना सम्पन्न प्रतिवेदन पेश गर्ने । |
| ३ | सञ्चालन एवं मर्मत–सम्भार चरण | • सञ्चालन एवं मर्मत सम्भार समितिमा मविवस सहितको समावेशी प्रतिनिधित्व हुनुपर्ने ।<br>• सञ्चालित आयोजनाहरूको अनुगमन स्थानीय निकाय अन्तर्गत गठित वडा र टोलहरूका नागरिक मञ्चहरूसँग समन्वय गरी गर्ने ।<br>• लैससासको दृष्टिकोणबाट सफल आयोजनाको साथै महिला मात्र सम्मिलित उपभोक्ता समितिबाट सञ्चालित सफल र प्रभावकारी आयोजनालाई उचित सम्मान र पुरस्कारको व्यवस्था गर्ने । |

## ४.२ संस्थागत व्यवस्था (Institutional Arrangements)

विभागीय तहमा वरिष्ठ समाजशास्त्री शाखा प्रमुख रहने गरी लैससाससँग सम्बन्धित सामुदायिक परिचालन शाखा स्थापना गरिएको छ । उक्त सामुदायिक परिचालन शाखाले विभागीय तहमा लैससाससँग सम्बन्धित सम्पूर्ण कार्यहरू गर्ने छ ।

आयोजना चक्रमा लैससास मार्गदर्शनको कार्यान्वयन पक्षलाई सुनिश्चित गर्न क्षेत्रीय कार्यालयमा समाजशास्त्री सहितको एउटा लैससास इकाई गठन गरिनेछ । लैससास मार्गदर्शन तथा सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने जिम्मेवारी समाजशास्त्रीको हुनेछ । लैससास मार्गदर्शनको कार्यान्वयन सम्बन्धी मुख्य उत्तरदायित्व क्षेत्रीय निर्देशकको हुनेछ ।

डिभिजन/सव-डिभिजन तहमा एउटा लैससास इकाईको गठन गरिनेछ जसमा डिभिजन/सव-डिभिजन प्रमुख, इन्जिनियर तथा सामाजिक परिचालक रहनेछन् । सम्बन्धित डिभिजन/सव-डिभिजन प्रमुखले उक्त इकाईको कामकारबाहीहरूको समन्वय गर्नेछन् ।

आयोजनामा सबैको सहभागिता सुनिश्चित गराउने उद्देश्यले मविवसका प्रतिनिधी समेतलाई खानेपानी उपभोक्ता तथा सरसफाई समिति (खापाउसस) को निर्णायक पदमा राखिनु पर्छ । खापाउससमा कम्तीमा पनि ३३% महिलाको (ग्राह्यता ५०%) प्रतिनिधित्व हुनुपर्छ । उक्त खापाउससको कार्यकारी पदहरूमा एक जना महिला तथा वञ्चित समूहबाट एक जना व्यक्ति (महिला वा पुरूष) को प्रतिनिधित्व अनिवार्य गराउनुपर्छ । आयोजनाको उप-समितिहरूको कार्यकारी पदमा कम्तीमा पनि वञ्चित समूहहरूबाट एक व्यक्ति (पुरूष वा महिला) र एक महिलाको प्रतिनिधित्वलाई अनिवार्य गरिनु पर्नेछ । उपभोक्ता समितिहरूलाई सक्रिय एवं सक्षम बनाउन यसलाई चाहिने आवश्यक निर्देशिका एवं कार्यविवरण उपलब्ध गराउनु पर्नेछ । उपभोक्ता समितिको पदाधिकारीहरूको क्षमता विकासका लागि लैससास सम्बन्धी तालिमहरू अनिवार्य गराउनु पर्नेछ ।

## ४.३ WASH क्षेत्रको आयोजना चरणमा लैससास मूलप्रवाहीकरण

**तालिका ५** WASH आयोजनामा लैससास मूलप्रवाहीकरण

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १ आयोजना तयारी तथा विकास चरण | | |
| १.१ | दीर्घकालीन योजना तथा गुरुयोजना तर्जुमा | • खानेपानी तथा सरसफाइ सुविधा नपुगेका र पहुँच कम भएका क्षेत्रहरूलाई प्राथमिकता दिने र तदानुसार अति विपन्न समूह एवं विपन्नहरूको बाहुल्यता भएका क्षेत्रहरूलाई प्राथमिकता दिने। कम विकसित गा.वि.स.हरूलाई पहिचान गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जि.वि.स.हरूले अपनाउने वञ्चित समूह (Disadvantage Group-DAG) मापन पद्धतीहरूको प्रयोग गर्ने। <br> • तोकिएको ढाँचामा लैससास सम्बन्धी मुद्दाहरू सम्बोधन गर्दै आयोजना सम्पन्न प्रतिवेदन पेश गर्ने। |
| १.२ | आयोजनाको आवश्यकता पहिचान | • स्थानीय निकायहरूबाट प्राप्त आवेदनहरूको विस्तृत समीक्षा र सम्बन्धित क्षेत्रको खण्डीकृत तथ्याङ्कको सङ्कलनका साथै आर्थिक स्तरको लेखाजोखा (Well Being Ranking) गर्ने। आयोजनाबाट त्यस क्षेत्रका मविवसहरू लाभान्वित हुन्छन् कि हुँदैनन् जाँच्ने। <br> • आयोजनाको प्राथमिकीकरण कार्यमा सबैको सहभागिता हुनु र नहुनुको परिणामहरू बारे बुझ्न-बुझाउन र आयोजनामा हरेक घरपरिवारको सहभागिता सुनिश्चित गर्न त्यस क्षेत्रका सम्पूर्ण घरदैलोमा सामाजिक परिचालनका कार्यक्रमहरू सञ्चालन गर्ने। |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | • आयोजनाको माग गर्न आवेदन फरामको ढाँचा तयार गर्नुपर्ने । आयोजनाका लागि आवेदन दिँदा ३३% (ग्राहयता ५०%) आवेदकहरू महिला उपभोक्ता हुनुपर्ने । आयोजना पहिचान एवं अन्य सबै गतिविधीहरू जस्तै सामुदायिक कार्ययोजना (Community Action Plan-CAP)मा मविवसहरूको अधिकतम सहभागिता सुनिश्चित गर्ने ।<br>• लैंगिक तथा समावेशीकरणका मुद्दाहरूमा काम गर्न WASH उप-समितिहरू गठन गरी मूल समितिसँग संवाद तथा वकालत गर्ने-गराउने । |
| १.३ | उपभोक्ता समिति तथा समुदायसँग अन्तरक्रिया | • अन्तरक्रिया कार्यक्रमहरूमा महिला, बालबालिका, विपन्न तथा वञ्चित समूहहरूको सहभागिता सुनिश्चित गर्ने ।<br>• सार्वजनिक बैठकहरू एवं सामुहिक अन्तक्रिया कार्यक्रमहरू सञ्चालन गर्दा समय, पद्धति एवं भाषा सम्बन्धमा महिला, बालबालिका, विपन्न तथा वञ्चित समूहहरूको अनुकूलतालाई विचार गर्ने ।<br>• घरधुरी सर्वेक्षण मार्फत् विपन्न, वञ्चित र महिला घरमुली भएका घरपरिवारको पहिचान गरी सुनिश्चित गर्ने । सर्वेक्षण दलमा समाजशास्त्रीलाई समावेश गर्ने र समाजशास्त्रीले मविवस लगायत अन्य उपभोक्ताहरूसँग आवश्यक परामर्श गर्ने ।<br>• खापाउससमा कम्तीमा पनि ३३% महिलाको (ग्राहयता ५०%) प्रतिनिधित्व हुनुपर्छ । उक्त खापाउससको कार्यकारी पदमा एक जना महिला तथा वञ्चित समूहबाट एक जना व्यक्ति (महिला वा पुरूष) को प्रतिनिधित्व अनिवार्य गराउनु पर्दछ । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | • खापाउससको साधारण सभाको लागि कम्तीमा पनि ३३% महिला सहभागितालाई अनिवार्य बनाइनु पर्ने । |
| १.४ | पूर्वसम्भाव्यता/ सम्भाव्यता अध्ययन | • खण्डीकृत तथ्याङ्कको आधारमा सम्पूर्ण सम्भाव्यता अध्ययनबाट मविवसका मुद्दाहरूको विश्लेषण गर्नुपर्ने । उनीहरूका चुनौती एवं सबल पक्षहरू के के हुन् तथा यसले आयोजनाबाट प्राप्त गर्ने सेवा तथा लाभको पहुँचमा कसरी सकरात्मक प्रभाव पार्न सक्छ सो को मूल्याङ्कन गर्ने । अध्ययन प्रतिवेदनमा विस्तृत सामाजिक नक्शाङ्कन समावेश गर्ने । |
| १.५ | वातावरणीय प्रभाव मूल्याङ्कन | • वातावरणीय, जैविक, सामाजिक, आर्थिक एवं सांस्कृतिक असर (Impact) सँग सम्बन्धित तथ्याङ्कहरू लिङ्ग, जात-जाति तथा स्थान अनुसार खण्डीकृत गरिएको हुनुपर्ने ।<br>• मविवसका विचार तथा मुद्दाहरूको पहिचान गरी वातावरणीय प्रभावहरूको सामना गर्ने स्थानीय परम्परागत प्रविधिहरूको प्रवर्द्धनका लागि खानेपानी उपभोक्ताहरूसँग सामूहिक रूपमा छलफल गर्ने ।<br>• विस्तृत आधारभूत सर्वेक्षण टोलीमा महिला, दलित एवं वञ्चित समूहहरूलाई समावेश गर्ने । |
| १.६ | सामाजिक प्रभाव मूल्याङ्कन | • मविवसलाई वञ्चितीकरण गर्ने कारकको रूपमा रहेको स्थानीय संरचनागत मुद्दाहरूको मूल्याङ्कन गरिनुपर्ने । श्रोत साधन माथि यी समूहहरूको पहुँच र नियन्त्रणमा देखिएका अवरोधहरू एवं आयोजनाका प्रतिफल तथा लाभहरू र त्यसबाट समूहहरूमा पर्ने सकारात्मक वा नकारात्मक प्रभावहरूको लेखाजोखा गर्ने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १.७ | विस्तृत इन्जिनियरिङ्ग सर्वेक्षण | • अध्ययन प्रतिवेदन तयार पार्नु अगावै समुदायबाट प्राप्त स्थलगत निचोड (Finding) लाई विस्तृतरूपमा छलफल गर्ने । आयोजनाको विस्तृत डिजाइन एवं लागत अनुमान पारदर्शी बनाइनुका साथै सङ्कलित तथ्यहरूलाई सरोकारवालाहरूसँग छलफल गरी तिनको प्रमाणीकरण गर्ने ।<br>• आयोजनाको स्वीकृती लिनु अगावै निर्माण स्थल एवं डिजाइनबारे सम्बन्धित उपभोक्ता समितिबाट अनुमोदन गरिएको व्यहोरा प्रतिवेदनमा समावेश गर्नुपर्ने ।<br>• सामाजिक नक्शाङ्कनलाई विधिको रूपमा प्रयोग गर्नुपर्ने । |
| १.८ | इन्जिनियरिङ्ग डिजाइन एवं लागत अनुमान | • खानेपानीका धाराहरू तथा शौचालयको डिजाइन र अवस्थिति (Orientation) महिला, बालबालिका र अपाङ्गता मैत्री हुनुपर्ने । डिजाइनकोबारेमा उपभोक्ता समितिसँग छलफल गर्ने एवं स्वीकृती गराउनु अघि त्यसलाई समिति मार्फत समुदायमा जानकारी गराउने ।<br>• लागत अनुमानमा स्थानीय समूदायको योगदान र सहयोग सम्बन्धी व्यवस्थाहरू समेटिनु पर्ने ।<br>• सबै WASH सम्बन्धी आयोजनाहरूमा पानी सुरक्षा योजना (Water Safety Plan) लाई लैससास मैत्री बनाउने । |
| १.९ | खापउससको मूल्याङ्कन तथा दर्ता प्रक्रिया | • खापउससको बनौट एवं संरचनामा मविवसको प्रतिनिधित्व भए नभएको पूनर्पूष्टि गर्ने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १.१० | आयोजना पूर्वमूल्याङ्कन एवं अनुमोदन | • खापउससबाट पूर्वमूल्याङ्कन भए पश्चात विभाग र मन्त्रालयबाट खानेपानी आयोजनाहरूको अनुमोदन गराउनुपर्ने । लैससास सूचकहरू एवं लैससास सम्बन्धी कार्ययोजना तयार गरी पूर्वमूल्याङ्कन प्रक्रियामा समावेश गर्ने । |
| १.११ | सामाजिक तयारी | • खानेपानी र सरसफाइ सम्बन्धी सचेतनामूलक अभियान अनिवार्य रूपमा सञ्चालन गर्ने । मविवसको सहभागिता सम्पूर्ण तालिमहरूमा अनिवार्य गर्ने । महिला उत्प्रेरक, महिला स्वयंसेविका तथा खापाउससहरूलाई लैससास सम्बन्धी तालिममा प्राथमिकता दिने ।<br>• महिला कर्मचारीहरूको नेतृत्वदायी ज्ञान तथा सीपको सुदृढीकरणमा जोड दिने ।<br>• लैससास सम्बन्धी सचेतना कार्यक्रम सबै चरणहरूमा सञ्चालन गर्ने तथा अनुभव गरिएका मुद्दाहरूको सम्बोधन गर्ने पहल गर्ने ।<br>• स्थानीय स्तरमा ग्रामीण मर्मत-सम्भार कार्यकर्ता तथा सरसफाइ मिस्त्री छनौट प्रक्रिया समावेशी प्रकृतिको हुनुपर्ने । |
| १.१२ | खापाउसससँगको सम्झौता, मर्मत-सम्भार रकम सङ्कलन | • खापाउसससँगको सम्झौतामा मविवसका मुद्दाहरूलाई सम्बोधन गर्ने खालका शर्तहरू राख्ने ।<br>• मर्मत-सम्भार कोषका लागि रकम सङ्कलन गर्दा उपभोक्ता समितिले न्यून तथा अति न्यून आय भएका वञ्चितसमूहको अवस्थालाई विशेष ध्यान दिने । |

| **क्र.सं.** | **चरणहरू** | **मार्गदर्शनहरू** |
|---|---|---|
| २ कार्यान्वयन चरण | | |
| २.१ | बजेटको बाँडफाँड | • आयोजनाको प्रस्तावनामा लैससासका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने । मविवसको आवश्यकता एवं आकांक्षाहरूलाई सम्बोधन गर्ने एवं क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलापहरूका लागि बजेट बाँडफाँड गर्ने ।<br>• बजेटको कारणले आयोजना समयमा सम्पन्न हुन नसक्दा सेवाग्राहीमा पर्नसक्ने नकारात्मक असरहरू रोक्न समयमै विनियोजित बजेटको निकासा हुनुपर्ने । |
| २.२ | खरीदकार्य | • खरीदकार्यमा पारदर्शिता सुनिश्चित गर्न आम उपभोक्ता एवं खापाउससको सहभागिता वृद्धि गर्ने ।<br>• उपभोक्ताहरूमा औजार तथा अन्य निर्माण सामग्रीहरूको जानकारी एवं प्रयोग गर्ने क्षमताको विकास गर्ने (आयोजना निर्माण पश्चात सञ्चालन एवं मर्मत-सम्भार कार्यमा सघाउ पुऱ्याउने उद्देश्यका लागि) ।<br>• उपभोक्ता समितिको विधानमा महिला सहकारी संस्था एवं अन्य मविवसलाई स्थानीय निर्माणसामाग्री वितरकको रूपमा प्रवर्द्धन गर्ने विषयलाई समाविष्ट गरी सो को कार्यान्वयन गर्ने । |
| २.३ | निर्माण | • आयोजना क्षेत्रका मविवस र स्थानीय जनताका लागि रोजगारीका अवसरहरूमा वृद्धि गर्ने । निर्माण व्यवसायीसँगको सम्झौतापत्रमा समान पारिश्रमिक, शिशु स्याहार जस्ता लैङ्गिक मुद्दाहरू सुनिश्चित गर्ने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | • सरकारी निकाय एवं निर्माणव्यवसायी बीच सम्झौता हुँदा खापाउससलाई साक्षीको रूपमा संलग्न गर्ने ।<br>• आयोजना कार्यान्वयनमा सामुदायिक योगदानको प्रतिशत निर्माणपूर्व नै उपयुक्त ढङ्गबाट तोकिनुपर्ने । समुदायद्वारा पहिचान गरिएका वञ्चितसमूहका घरपरिवारको योगदान (आयोजना कार्यान्वयन समिति तथा खापाउससको निर्णयका आधारमा) १० देखि २० प्रतिशत हुनुपर्ने । |
| २.४ | अनुगमन तथा सुपरीवेक्षण | • आयोजना कार्यान्वयन साझेदार, खापाउसस प्रतिनिधिहरू तथा मविवस समेतको प्रतिनिधि सम्मिलित अनुगमन टोलीद्वारा नियमित रूपमा अनुगमन गरिनुपर्ने ।<br>• अनुगमन टोलीमा मविवसको सहभागिता सुनिश्चित गर्ने ।<br>• पारदर्शी र उपयुक्त प्रक्रियाहरू अपनाई नियमित रूपमा सार्वजनिक परीक्षणहरू गर्ने । सार्वजनिक परीक्षण निर्देशिका अनुरूप लैससासका मुद्दाहरू सम्बोधन होस् भन्ने सुनिश्चित गर्न तेश्रो पक्षीय अनुगमन तथा मूल्याङ्कन टोलीको व्यवस्था गर्ने ।<br>• उपभोक्ता (मविवस समेत) एवं कार्यान्वयन कर्ताद्वारा संयुक्त रूपमा अनुगमन गर्ने प्रणालीको विकास एवं कार्यान्वयन गर्ने । |
| २.५ | आयोजना सम्पन्न | • तालिम सञ्चालन गर्दा तालिमका विषय बस्तुहरूमा लैससाससँग सम्बन्धित मुद्दाहरू समावेश गर्ने, आवश्यकता अनुरूप लैससास सम्बन्धी छुट्टै तालिमको व्यवस्था गर्ने र सीप |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | सम्बन्धी तालिम दिएर मविवसको क्षमता अभिवृद्धि गर्ने । मविवसका प्रतिनिधीलाई सम्बन्धित प्रकृतिका सर्वाधिक सफल आयोजनामा अवलोकन भ्रमणको व्यवस्था गर्ने ।<br>• समावेशी प्रतिनिधित्व भएको सञ्चालन एवं मर्मत–सम्भार टोलीलाई उपयुक्त तालिमको व्यवस्था गर्ने ।<br>• आयोजना सम्पन्न प्रतिवेदन (Project Completion Report-PCR) मा मविवससँग सम्बन्धित प्रगति तथा असमानता सम्बन्धी मुद्दाहरू समावेश गरी वितरण गर्ने ।<br>• अभ्यास एवं सिकिएका पाठहरू (Practice and Lesson Learned) को उचित तवरले अभिलेख राखी तिनको प्रचार प्रसार गर्ने । |
| ३ सञ्चालन तथा मर्मत–सम्भार चरण | | |
| ३.१ | कर्मचारी भर्ना | • आवश्यक सीप तथा दक्षताका आधारमा ४५% कर्मचारीहरू मविवसबाट हुनुपर्ने र यसमा महिलाहरूको सहभागिता न्यूनतम ३३% सुनिश्चित गर्ने ।<br>• ग्रामीण मर्मत–सम्भार कार्यकर्ताको छनौट प्रक्रियामा मविवसकालाई विशेष प्राथमिकता दिने । |
| ३.२ | कर्मचारीको क्षमता अभिवृद्धिकरण | • क्षमता अभिवृद्धि गर्नका लागि लैससास सम्बन्धी विषयवस्तुलाई समेत समेटेर विषेश तालिमको प्रस्ताव तयार गरी सो को कार्यान्वयन गर्ने । |
| ३.३ | वित्तीय व्यवस्था | • अति विपन्न समूहलाई शौचालय, मिटर, प्रारम्भिक जडान शुल्क तथा पानी महशुलदरमा अनुदान प्रदान गर्ने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | • खानेपानी आयोजनाहरूको प्रभावकारी रूपमा मर्मत–सम्भार गर्नका लागि एवं समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्ने सफल आयोजनालाई नगद पुरस्कार प्रदान गर्ने ।<br>• कुनै पनि आयोजनाको सञ्चालन एवं मर्मत–सम्भारको लागि लाभान्वित समुदायद्वारा अग्रिम रूपमा रकम सङ्कलन गरिनुपर्ने । |
| ३.४ | लाभ अनुगमन तथा मूल्याङ्कन | • मविवसको समेत प्रतिनिधित्व हुनेगरी संयुक्त अनुगमन टोलीको गठन गरी नियमित रूपमा अनुगमनको कार्य गर्ने ।<br>• लैससास सम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्ने उत्तरदायित्वका साथ तेश्रो पक्षीय मूल्याङ्कन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यक्रम गर्ने ।<br>• लैससास संवेदनशीलतालाई ध्यानमा राखी सो को मूल्याङ्कन समयमै गर्ने ।<br>• सबै WASH आयोजनाहरूमा पानी सुरक्षा योजनाको कार्यान्वयन हुँदा लैससास मैत्री भए नभएको अनुगमन गर्ने । |
| ३.५ | प्रभाव मूल्याङ्कन | • प्रभाव मूल्याङ्कन कार्य लैससास केन्द्रित भई खापाउससको सहभागितामा गर्ने । |

## ४.४ अनुगमन तथा मूल्याङ्कन

मन्त्रालयको सामाजिक समन्वय/लैससास शाखाले खानेपानी तथा ढल निकास विभागबाट सम्पादन गरिने सम्पूर्ण लैससास सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने छ । आफ्ना कार्यक्रम र आयोजनाहरूको अनुगमन गर्न र मार्गदर्शन अनुसार मन्त्रालयलाई प्रतिवेदन पठाउन विभाग उत्तरदायी रहनेछ । क्षेत्रीय स्तरमा क्षेत्रीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति एवं जिल्ला स्तरमा जिल्ला खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिमा हुने छलफलहरूमा लैससाससँग सम्बन्धित मुद्दाहरूका बारेमा समेत छलफल गरिनुपर्छ । लैससास सम्बन्धी गतिविधीहरूलाई प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्छ र यसका लागि लैससासका सूचकहरू तयार गर्न आवश्यक छ । आयोजना डिजाइन र अनुगमनको रूपरेखामा उल्लेखित सूचकहरूसँग दाँज्दै देखिएका नतिजा, प्रतिफल र असरहरू सम्बन्धी उपलब्धिका आधारमा आयोजनाको मापन गर्नुपर्नेछ । मन्त्रालयद्वारा कार्यक्रम तथा आयोजनाहरूको लैससास सम्बन्धी प्रगति प्रतिवेदनहरू तयार पार्न तथा सम्बन्धित आधिकारिक निकायहरूलाई समयमै वितरण गर्न एउटा व्यवस्थित प्रतिवेदन प्रणालीको स्थापना गर्नुपर्ने छ । सामान्यतः लैससास सम्बन्धी प्रगतिहरूको नियमित प्रतिवेदन त्रैमासिक रूपमा तयार गर्नुका साथै खण्डीकृत तथ्याङ्क सम्मिलीत प्रतिवेदन वार्षिक रूपमा तयार गरी पेश गर्नुपर्नेछ । सामाजिक समन्वय/लैससास शाखाले जिल्लादेखि केन्द्रीय स्तरसम्मका तथ्याङ्कको आदान–प्रदान तथा यसलाई मन्त्रालयको नियमित प्रगति प्रतिवेदनहरूमा समावेश गर्ने एवं मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन शाखासँग समन्वय गर्ने कार्य गर्नेछ ।

खानेपानी तथा ढल निकास विभाग अन्तर्गत विद्यमान अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सुधार गरी लैससासमुखी बनाउनका लागि निम्न लिखित पक्षहरूलाई समेटिनु पर्नेछ :

**क) उद्देश्यहरू तथा सूचकहरू लैससासका आधारमा खण्डीकृत हुनु पर्ने :** खानेपानी तथा सरसफाई कार्यक्रमहरू एवं आयोजनाहरूबाट को–को लाभान्वित हुन्छन् भन्ने कुराको मापन गर्नुपर्छ र को–को खानेपानी प्रणालीमा आबद्ध छन्, कसले शौचालय बनाएको छ, कसको शौचालय प्रयोग भइरहेको छ आदिको बारेमा खण्डीकृत तथ्याङ्क सङ्कलन एवं

परिमार्जन गर्नुपर्छ । आयोजना तयारी तथा सूचना सङ्कलनका निम्ति खण्डीकृत प्रारम्भिक तथ्याङ्क उपलब्ध गरी यसका आधारमा प्रगतिको अनुगमन गरिनु पर्छ । खण्डीकृत प्रारम्भिक तथ्याङ्क सङ्कलन एवं प्रयोगको लागि स्पष्ट ढाँचाहरू बनाइनुपर्छ ।

**ख)** **अनुगमन तथा प्रतिवेदनको ढाँचालाई खण्डीकृत गर्नु पर्ने :** अनुगमनका ढाँचाहरूलाई खण्डीकरण गरी प्रमाणको रूपमा उपयोग गर्न मिल्ने किसिमले संशोधन गरिनु पर्छ । लैससाससँग सम्बन्धित सूचना र तथ्याङ्क सङ्कलन एवं एकीकृत गरी राष्ट्रिय योजना आयोगको अनुगमन प्रणाली अनुरूप यसको प्रतिवेदन लेखनलाई सहज बनाउनुपर्छ । सम्बन्धित लैससास शाखा र इकाईले आवश्यक लैससास सूचकहरू एवं खण्डीकृत तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ र यी प्रक्रियाहरूलाई केन्द्रदेखि क्षेत्रीय तथा डिभिजन/सव-डिभिजन कार्यालय तहसम्म लागू गर्न एउटा प्रणालीको स्थापना गरिनु पर्छ ।

**ग)** **सार्वजनिक परीक्षण** (Public Audit) **तथा सुनुवाईलाई संस्थागत गर्नुपर्ने :** पारदर्शीतालाई तल्लो तह र निकायसम्म स्थापित गर्न जवाफदेहीताको विधि (Downward Accountability Approach) अपनाउन र सुशासन सम्बन्धी अभ्यासहरूलाई निरन्तर रूपमा संस्थागत गराउने कार्यका लागि सार्वजनिक परीक्षण तथा सुनुवाई गरिनु पर्नेछ । यी क्रियाकलापहरू मविवसहरूको सक्रिय सहभागितामा सम्पन्न गरिनुपर्छ । यसका लागि सार्वजनिक परीक्षण तथा सुनुवाइ सम्बन्धी एउटा सार्वजनिक अनुगमन निर्देशिका तयार गर्नुपर्छ ।

**घ)** **राम्रा अभ्यास तथा सिकिएका पाठहरू :** आयोजनाहरूमा भएका लैससाससँग सम्बन्धित विभिन्न सफल प्रयासहरूलाई राम्रोसँग अभिलेखीकरण गरी सम्पूर्ण सरोकारवालाहरूलाई जानकारी गराउनु पर्नेछ । यसका लागि घटना अध्ययन (Case Study) तयार समेत गर्नुपर्नेछ ।

◈◈◈

## परिच्छेद ५

# भवन निर्माण, आवास एवं सहरी विकास (Building Construction, Housing and Urban Development-BCHUD) क्षेत्रमा लैससास मूलप्रवाहीकरण

भवन निर्माण, आवास एवं सहरी विकासको क्षेत्रमा लैससास मूलप्रवाहीकरणका लागि निम्न बमोजिमको व्यवस्था गरिएको छ ।

### ५.१ नीतिगत मुद्दाहरू

यस क्षेत्रका लागि आवश्यक केही नीतिगत मार्गदर्शनहरू निम्नानुसार छन्ः

क) निर्धारित मापदण्डको आधारमा गरिबी नक्शाङ्कनद्वारा गरिब बस्तीहरू (Poor clusters) पहिचानगरी जग्गा र आवासीय क्षेत्रको पूर्वाधार विकास गर्न तदानुरूप कार्यक्रम त यार गर्ने ।

ख) लैससासको आवश्यकता अनुरूप आयोजनाहरूको पहिचान गर्ने ।

ग) स्थानीय माग बमोजिम भवनको डिजाइन पुनरावलोकन गरिनुको साथै उक्त डिजाइन लैङ्गिक, अशक्त एवं वातावरण मैत्री बनाउने ।

**तालिका ६** BCHUD क्षेत्रमा लैससास मूलप्रवाहीकरणका नीतिगत मुद्दाहरू

| क्र.सं. | आयोजना चक्रका चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १ भवन निर्माण | | |
| १.१ | योजना तर्जुमा | • जिल्ला तथा नगरपालिका जस्ता स्थानीय निकायबाट तर्जुमा गरिने कार्यक्रम तथा आयोजना बीच एकरूपता हुनुपर्ने । |
| १.२ | परिचालन तथा निमार्ण | • योजना तयारी एवं भवन निर्माणको डिजाइन गर्दा मविवससँग छलफल एवं परामर्श गर्नुपर्ने । |

| क्र.सं. | आयोजना चक्रका चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| २ आवास | | |
| २.१ | योजना तर्जुमा | • विभिन्न तहका समितिहरूमा महिला एवं वञ्चितसमूहको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने ।<br>• आवश्यक बजेटको व्यवस्था सहित लक्षित समूहहरू छनौट गर्ने ।<br>• विभिन्न तालिम क्रियाकलापहरूको माध्यमबाट मविवसको क्षमता अभिवृद्धि गरी दक्ष कामदारको रूपमा तयार गर्ने एवं आवश्यक ऋण प्रदान गरी उनीहरूलाई नै विभिन्न निर्माण सामाग्रीहरूको वितरकका रूपमा स्थापित गराउन सहयोग गर्ने । |
| २.२ | कार्यान्वयन | • मर्मत-सम्भार समितिमा मविवसलाई अनिवार्य रूपमा समावेश गर्ने; अनुगमन तथा मूल्याङ्कन सूचकहरू मविवसहरूको अनुकुल रहेको प्रमाण सहित खण्डीकृत रूपमा प्रतिवेदन तयार गर्नुपर्ने । |
| ३ सहरी विकास | | |
| ३.१ | योजना तर्जुमा | • सहरी विकासका आयोजनाहरूमा महिला घरमुली भएका, गरीब र वञ्चित समूहहरूलाई समयमै उचित क्षतिपूर्तिको व्यवस्था गर्ने । आयोजनाबाट यी समूहहरूलाई नकारात्मक असर नपर्ने गरी योजना तयार गर्ने । |
| ३.२ | कार्यान्वयन | • लैससास एवं सामाजिक क्रियाकलापहरू (जस्तै शिशु स्याहारको व्यवस्था तथा मविवसका मागहरूको सम्बोधन आदि) का लागि यथेष्ट बजेट आयोजना लागतमा नै समावेश गर्नुपर्ने । |

## ५.२ संस्थागत व्यवस्था

विभागीय तहमा वरिष्ठ समाजशास्त्री शाखा प्रमुख रहने गरी एउटा लैससास सम्बन्धी शाखाको स्थापना गरिने छ । उक्त शाखाले विभागीय तहमा लैससाससँग सम्बन्धित सम्पूर्ण कार्यहरू गर्नेछ ।

डिभिजन तहमा एउटा लैससास इकाईको गठन गरिनु पर्छ र उक्त इकाईमा डिभिजन प्रमुख, इन्जिनियर तथा सामाजिक परिचालक रहनेछन् । सम्बन्धित डिभिजन प्रमुखले उक्त इकाईको कामकारबाहीहरूको समन्वय इन्जिनियर र सामाजिक परिचालकको सहयोगमा गर्नेछन् तर सामाजिक परिचालकको व्यवस्था नहुन्जेलसम्मका लागि डिभिजन प्रमुखले कार्यालयमा कार्यरत कुनै कर्मचारीलाई सामाजिक परिचालकको काम तोक्न सक्नेछन् । साथै कार्यबोझका आधारमा डिभिजन प्रमुखले करार सेवाबाट उक्त लैससास इकाईमा समाजशास्त्रीको व्यवस्था गर्न सक्नेछन् ।

महिला र वञ्चित समूहको प्रतिनिधिहरूलाई निर्माण/सञ्चालक समितिको निर्णायक तहमा राखिनु पर्छ । निर्माण/सञ्चालक समितिको कार्यकारी पदमा कम्तीमा पनि एक महिला एवं वञ्चित समूहहरूबाट एक व्यक्ति (पुरूष वा महिला) को अनिवार्य प्रतिनिधित्व गराइनु पर्छ । आयोजनाको उप-समितिहरूको कार्यकारी पदमा कम्तीमा पनि वञ्चित समूहबाट एक व्यक्ति (पुरूष वा महिला) र एक महिलाको अनिवार्य रूपमा व्यवस्था गरिनु पर्छ । मातहतका विभिन्न समितिहरूलाई निर्देशिकाहरू एवं कार्य क्षेत्रगत शर्त (ToR) उपलब्ध गराइनु पर्छ र सबैका लागि लैससास सम्बन्धी तालिमको व्यवस्था गरिनु पर्छ । लैससास शाखा, इकाई एवं उत्तरदायी व्यक्तिहरूको क्षमतालाई अभिबृद्धि गर्दै लैजानु पर्छ ।

## ५.३ BCHUD क्षेत्रको आयोजना चरणमा लैससास मूलप्रवाहीकरण

### ५.३.१ भवन निर्माण

सहरी विकास तथा भवन निर्माण विभागले सरकारी भवनहरूको डिजाइन तथा सुपरिवेक्षणको कार्य गर्दछ । निर्माणसँग सम्बन्धित ठूला आयोजनाहरूमा पूर्व–सम्भाव्यता अध्ययन गर्नुपर्ने हुन्छ जसका लागि कार्यक्षेत्र निर्धारण गर्न भौगोलिक स्थिती वर्णनात्मक नक्शा (Topographical Map), हवाई फोटो (Aerial Photo), भू–उपयोग नक्शा (Land Use Map), भौगर्भिक नक्शा (Geological Map) एवं समान प्रकृतिका आयोजनाहरूबाट प्राप्त सान्दर्भिक दस्तावेजहरूको अध्ययन, निर्माणस्थलको अवस्थाबारे जानकारी; भवनस्थल, उचाई एवं आकार बारे जानकारी; भवनको झ्याल–ढोकाको नाप; जग, निर्माण गर्नु पर्ने संरचनाको प्रकार एवं प्रयोग गरिनुपर्ने निर्माण सामाग्रीहरूको निर्धारण आदि कार्य गरिन्छ ।

**तालिका ७** आयोजनाका चरणहरू : भवन निर्माण

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १ योजना तर्जुमा | | |
| १.१ | आयोजनाको अवधारणा | • राष्ट्रिय तथा स्थानीय तहका आवश्यकताहरू समेटिनु पर्ने : मविवसको भवन डिजाइन सम्बन्धी प्राथमिकताहरूको पहिचान गर्ने । कार्यक्रमहरू स्थानीय तहको आवधिक योजना अनुरूप हुनुपर्ने । |
| १.२ | सम्भाव्यता अध्ययन | • मविवस सहित स्थानीय जनतासँग परामर्श गर्ने । स्थानीय खानी (ढुङ्गा, बालुवा आदि) र सोको उपयोग एवं मविवसबाट निर्माणसामग्री वितरणको सम्भाव्यता अध्ययन गर्ने ।<br>• सम्भाव्यता अध्ययनकै क्रममा निर्माण पश्चात् संरचनाको व्यवस्थापनमा लाग्ने खर्चको पूर्व अनुमान गर्ने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | • सम्भाव्यता अध्ययनको क्रममा अशक्त व्यक्तिहरूका लागि र्‍याम्प, धुँवारहित चुलो, भवन निर्माणमा न्यून लागत प्रविधि जस्ता पक्षहरू समावेश गर्ने । |
| १.३ | लगानीको पूर्वमूल्याङ्कन | • भवन निर्माण गर्दा मविवसका आवश्यकताहरू सम्बोधन गर्न के कस्तो र कति लगानीको जरूरी छ भन्ने कुरा समावेश गर्ने ।<br>• अपाङ्गता मैत्री पूर्वाधार, शिशु स्याहार केन्द्र, महिला एवं अशक्तका लागि छुट्टै चर्पीको व्यवस्था र सुरक्षाको दृष्टिकोणले पर्याप्त उज्यालो बत्तीको व्यवस्थाका लागि आवश्यक बजेट अनुमानित लागतमा नै समावेश गर्ने । |
| १.४ | आयोजनाको प्रारम्भिक योजना | • भवन एवं यसका लागि बजेटको आवश्यकता, निर्माणस्थल छनौट तथा सर्वेक्षण सम्बन्धमा छलफल गर्ने । यस्तो छलफलमा महिला, विपन्न, अशक्त एवं वञ्चितसमूहको विचार एवं मुद्दाहरूलाई उचित स्थान दिई समावेश गर्ने र विद्यमान नियमहरूको अवलम्वन गर्ने । खुल्ला क्षेत्र र उचाई नियन्त्रणका लागि तला क्षेत्र अनुपात (Floor Area Ratio) किटान गर्नुपर्ने । |
| १.५ | डिजाइन, नक्सा एवं लागत अनुमान | • मविवसका मुद्दाहरू सम्बोधनका लागि उनीहरूको आवश्यकता निर्धारण गर्ने ।<br>• निमार्णस्थलको छनौट गर्दा मविवसको आवश्यकतालाई समेत विचार गर्ने ।<br>• संरचनाहरूको डिजाइन महिला, बालबालिका एवं अपाङ्ग तथा अशक्त मैत्री हुनुपर्ने (विद्युतीय स्वीच, शौचालय, बरण्डा आदि) । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | • आवश्यकता अनुरूप शिशु स्याहार केन्द्रको व्यवस्था हुनुपर्ने (जस्तै कार्यालय परिसर, तरकारी बजार केन्द्र एवं धेरै संख्यामा महिलाहरू काम गर्ने स्थानहरूमा)। |
| १.६ | स्रोत परिचालन | • खण्डीकृत तथ्याङ्क सङ्कलन, सामाजिक क्रियाकलापहरू, लैङ्गिक विशेष तथा अशक्त मैत्री पूर्वाधारको सुविधा प्रदान गर्ने श्रोत साधनहरूको परिचालन गर्ने र डिजाइन अनुसार बजेट छुट्याउने। |
| २ निर्माण चरण | | |
| २.१ | योजना, व्यवस्थापन तथा कार्यान्वयन नियन्त्रण | • गुणस्तर र परिमाणमा सम्झौता नगरीकन उच्च सीपहरू आवश्यक नपर्ने कामको लागि सामुदायिक संस्थाहरूको माध्यमबाट मविवसलाई परिचालन गरिनुपर्ने। महिलाहरूको कार्यक्षमता अभिवृद्धिका लागि बजेट छुट्याई उनीहरूलाई दक्ष कामदारको रूपमा विकास गर्ने। शारीरिक क्षमता अनुसार उनीहरूलाई निर्माण कार्यमा सहभागिताको लागि उत्प्रेरित गर्ने। |
| २.२ | वातावरण एवं सामाजिक मूल्याङ्कन | • मविवसका विचार एवं मुद्दाहरू सुनिश्चित गर्ने एवं स्थानीय ज्ञान, सीप तथा प्रविधि र निमार्ण सामाग्रीको पहिचान गरी वातावरणीय प्रभाव न्यूनीकरणका लागि स्थानीय तथा मौलिक पद्धति (Indigenous Coping Mechanism) लाई अझ मजबुत बनाउने।<br>• जैविक, भौतिक, सांस्कृतिक एवं स्वास्थ्य सम्बन्धी प्रभावलाई लिङ्ग, जात जाति एवं स्थान अनुसार खण्डीकृत गर्ने। |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | • वञ्चितीकरण सम्बन्धी मविवसका स्थानीय संरचनागत मुद्दाहरूको मूल्याङ्कन गर्ने । यी समुहहरूको श्रोत साधन एवं भवन निर्माणबाट उपलब्ध हुने लाभ सम्मको पहुँचमा आईपर्ने विशेष अवरोधहरू एवं तिनीहरूमा पर्ने सम्भाव्य सकारात्मक एवं नकारात्मक असरहरूको पहिचान सूक्ष्म रूपमा गर्ने । |
| २.३ | खरीदकार्य | • खरीद प्रक्रियामा मविवसको सहभागितालाई प्रोत्साहित गर्ने । |
| २.४ | भवन निर्माण एवं सुपरिवेक्षण | • निर्माण कार्यकालागि महिला कामदार, जातिगत समुह एवं अल्पसंख्यकहरूलाई तालिम प्रदान गरी दक्ष बनाउने ।<br>• सम्बन्धित कर्मचारीहरूको लागि प्रशिक्षक प्रशिक्षण तालिम (ToT) प्रदान गर्ने ।<br>• निर्माण एवं सुपरिवेक्षण टोलीमा मविवसको प्रतिनिधित्व अनिवार्य गराउने ।<br>• निर्माण कार्यमा संलग्न भएकाहरूको लागि लैङ्गिक मैत्री शौचालय, बालबालिका स्याहार केन्द्र आदिको सुविधा उपलब्ध गराउने । |
| २.५ | मर्मत-सम्भारको व्यवस्था | • मर्मत-सम्भार कार्यमा संलग्न हुने स्थानीय संघ-संगठन एवं मविवसको क्षमता विकास गर्ने । |

## ५.३.२ आवास

**तालिका ८** आयोजनाका चरणहरू : आवास

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १ जग्गा एवं आवास विकासको योजना | | |
| १.१ | पूँजीको पहिचान एवं व्यवस्था | • मविवसको आवासीय अवस्थामा सुधारका लागि अनुदान तथा सहुलियतपूर्ण ऋणको व्यवस्था गर्ने ।<br>• मविवसलाई ऋण व्यवस्थापनको लागि वित्तिय संस्थाहरूलाई प्रोत्साहित गर्ने । |
| १.२ | आवासीय जग्गा पहिचान र प्राप्तिको व्यवस्था | • पूनर्वास क्षेत्र विकास गर्दा मविवसका लागि सम्भावित रोजगारीका अवसरहरूमा ध्यान दिने । |
| १.३ | योजनाको तयारी एवं स्वीकृती | • योजनामा लैससासका विविध पक्षहरू समेटिनु पर्ने । मविवसका लागि सामाजिक परिचालन सम्बन्धी क्रियाकलापहरू तथा सार्वजनिक सूचना प्रवाह सम्बन्धी अभियानहरूलाई समेटी योजना तर्जूमा गर्ने । विभिन्न समितिहरूमा उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने । |
| १.४ | आवास आयोजनाको डिजाइन, लागत अनुमान एवं बजेट निर्धारण | • लागत अनुरूपको प्रभावकारी निर्माण (Cost Effective Construction) का लागि स्थानीय प्रविधि एवं सामाग्रीको प्रयोगमा जोड दिने । मविवसको क्षमता अभिवृद्धि गर्ने, स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको वितरकको रूपमा प्रवर्द्धन गर्ने र निर्णय प्रक्रियामा उनीहरूको प्रभाव विस्तार जस्ता क्रियाकलापहरूका लागि पर्याप्त बजेटको व्यवस्था गर्ने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| | | • महिलाहरूको सहभागितामा आवास आयोजनाको डिजाइन गरी उनीहरूको लाभ सुनिश्चित हुने विधि अवलम्वन गर्ने ।<br>• लाभान्वित समुहका रूपमा रहेका मविवसलाई प्राविधिक ज्ञान र सीप प्रदान गरी आफैं आवास निर्माण (Self-help Housing) गर्ने प्रकृयामा संलग्न गराउन प्रोत्साहित गर्ने । |
| २ कार्यान्वयन | | |
| २.१ | निर्माण समिति, कार्यान्वयन समिति, निर्देशक समिति एवं आयोजना कार्यालयको स्थापना | • समितिहरूमा मविवसको प्रतिनिधित्व एवं निर्णय प्रक्रियाहरूमा संलग्नता हुनुपर्ने ।<br>• बैठकहरूमा मविवसको प्रभावकारी सहभागिताको लागि सहज वातावरण सुनिश्चित गर्ने । |
| २.२ | डिजाइन एवं लागत अनुमानकार्य सम्पन्न | • मविवसको प्राथमिकता र आवश्यकताहरू पूरा हुने सुनिश्चितता प्रदान गर्न एवं स्वामित्वको भावना सिर्जना गर्न उनीहरूसंग परामर्श गर्ने । |
| २.३ | कार्यान्वयन प्रकृयाहरूको सुनिश्चितता | • कार्यान्वयन प्रक्रियामा लैससास सम्बन्धी क्रियाकलापहरू समेट्न महिला नेतृत्वमा भएका संगठनहरू, नागरिक समाज र निजी क्षेत्रलाई कार्यान्वयन साझेदारको रूपमा संलग्न गराइ परिचालन गर्ने । |
| २.४ | कार्यसम्पन्न एवं हस्तान्तरण | • सम्पन्न संरचनाको व्यवस्थापन, मर्मत–सम्भार एवं निर्णायक तहमा महिला सहभागिता वृद्धिका लागि हस्तान्तरण सम्झौतापत्रमा आवश्यक प्रावधानहरू समेटने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| ३ सञ्चालन एवं मर्मत-सम्भार | | |
| ३.१ | मर्मत-सम्भार, अनुगमन तथा मूल्याङ्कन | • सेवाहरूको उपयुक्त प्रयोगका लागि सम्बन्धित उपभोक्ताहरूलाई तालिम एवं अभिमूखीकरण गरिनुपर्ने । मविवसलाई मर्मत-सम्भार तालिम प्रदान गर्ने ।<br>• अनुगमन तथा मूल्याङ्कन सूचकहरूमा मविवसका लागि सेवा तथा सुविधा उपलब्ध गराउने विषयलाई समेटने । मविवसका लागि भएका सामाजिक प्रयासहरू तथा उनीहरूको क्षमता अभिवृद्धिसँग सम्बन्धित खण्डीकृत तथ्याङ्क सङ्कलन गर्नुपर्ने । यसको अनुगमन र मूल्याङ्कन मन्त्रालय स्तरबाट गर्ने । |

## ५.३.३ सहरी विकास

**तालिका ९** आयोजनाका चरणहरू : सहरी विकास

<table>
<tr><th>क्र.सं.</th><th>चरणहरू</th><th>मार्गदर्शनहरू</th></tr>
<tr><td colspan="3">१ योजना</td></tr>
<tr><td>१.१</td><td>सामाजिक तथा गरिबी नक्शाङ्कन</td><td rowspan="2">• मविवस लगायत अन्य समुदायहरूका सहरी विकास सम्बन्धी आवश्यकता बारे आधिकारिक खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने ।<br>• मविवसलाई सम्बोधन गर्ने किसिमको कार्यक्रम पहिचान गर्ने ।<br>• मविवसको सक्रिय सहभागिता सुनिश्चित गर्ने उचित माध्यम, विधि एवं मापदण्डहरू अवलम्बन गर्ने ।</td></tr>
<tr><td>१.२</td><td>आयोजना पहिचान (क्षेत्रीय विकास योजना, भौतिक विकास योजना, सहरी क्षेत्र विस्तार सम्बन्धी अध्ययन, आवधिक योजना, एकीकृत घना बस्ती अध्ययन)</td></tr>
<tr><td>१.३</td><td>पूर्वसम्भाव्यता र सम्भाव्यता अध्ययन</td><td>• मविवसलाई आयोजनाका कार्यमा सहभागी बनाउन उनीहरूको सीप, समय उपलब्धता, आर्थिक अवस्था र रूचिको पहिचान गर्ने । आयोजना कार्यान्वयनमा महिला समूहहरू तथा स्थानीय संघ-संस्थाहरूको क्षमता अभिवृद्धिको आवश्यकता तथा सम्भाव्यताको अध्ययन गर्ने ।<br>• आयोजनाको विश्लेषण गर्दा मविवसको लाभ प्राप्तिको अवसरमा सहज पहुँचबारे अध्ययन गरिनुपर्ने । यसमा आधारित रहेर मविवसलाई पर्याप्त मात्रामा लाभ प्रदान गर्न सक्ने आयोजनालाई मात्र सम्भाव्यको रूपमा वर्गीकृत गरिनुपर्ने ।</td></tr>
</table>

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १.४ | वातावरणीय प्रभाव मूल्याङ्कन | • खण्डीकृत तथ्याङ्क (लिङ्ग, जातीय एवं क्षेत्रीय) का आधारमा मूल्याङ्कन कार्य गर्नुपर्ने । वातावरणीय प्रदुषणले निम्त्याउने स्वास्थ सम्बन्धी दुष्परिणामहरूका साथै विभिन्न सामाजिक समुहका विपन्न महिला एवं पुरूषहरूमा पर्ने वातावरणीय प्रभावको पहिचान गर्नुपर्ने ।<br>• वातावरणीय प्रभाव व्यवस्थापन कार्यमा मविवसको भूमिका पहिचान गर्ने । |
| १.५ | सामाजिक प्रभाव मूल्याङ्कन | • मूल्याङ्कन कार्यमा मानववस्तीको डिजाइन सम्बन्धी विविध प्राथमिकताहरू, आवास स्थल एवं सहरी सेवाहरूको व्यवस्था आदि समावेश गरिनुपर्ने । लिङ्ग, जात, जातियता र स्थानका आधारमा मविवसको विविध किसिमका रोजगारीहरूमा पहुँच र आय-आर्जनका अवसरहरू, सार्वजनिक पार्क, शौचालय, धारा, पाटी, पौवा एवं धार्मिक स्थलहरूमा पहुँचको अवस्था आदिको अध्ययन गर्ने ।<br>• सहरी क्षेत्रहरूमा हुने अपराध र यसबाट मविवसमा पर्ने असरहरू बारे अध्ययन गर्ने ।<br>• आवश्यक बिजुली-बत्तीको व्यवस्था, प्रहरी चौकी, टेलिफोन केन्द्र आदिको सुविधा सुनिश्चित गर्ने ।<br>• स्थानीय तहमा मविवससँग सामुहिक छलफल तथा परामर्श गर्ने ।<br>• विपन्नसमूहमा पूनर्वासबाट पर्नसक्ने प्रभावहरूको मूल्याङ्कन गरिनुपर्ने साथै त्यसको वैकल्पिक व्यवस्था र रोजगारी एवं सुरक्षामा पर्ने असर समेतको अध्ययन गर्ने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| १.६ | विस्तृत इन्जिनियरिङ्ग डिजाइन | • पर्याप्त सुविधायुक्त विश्रामस्थल, छुट्टै शौचालय, र्‍याम्प, ब्रेलटायल, शिशु स्याहार केन्द्र, पैदलयात्री तथा सबै प्रकारका सवारी साधनलाई सम्बोधन हुने गरी सडक निर्माण आदि जस्ता अपाङ्ग एवं लैङ्गिक-विशेष सुविधाहरू समेटिने गरी लैससास मैत्री ईन्जिनियरिङ्ग डिजाइन तयार गर्ने (शिशु स्याहार केन्द्रको निर्माण गर्ने र आवश्यक परेको खण्डमा उक्त केन्द्रको व्यवस्थापनका लागि आवश्यक पदको सिर्जना गर्ने र निर्माण पश्चात यसको सञ्चालन सम्बन्धी व्यवस्था सुनिश्चित गर्ने) । |
| १.७ | निर्माणपूर्वका क्रियाकलापहरू | • मविवसलाई समेत समेटी कामदारहरूको सर्वेक्षण गर्ने, सहयोगी महिला समूह तथा सहकारीहरूलाई निर्माण सामाग्रीहरूको वितरकको रूपमा प्रवर्द्धन गर्ने । |
| १.८ | कार्यक्षेत्रगत शर्त (ToR) को प्रारूप (Design) एवं लागत अनुमान र बजेट निर्धारण | • कार्यक्षेत्रगत शर्त (ToR) तयार गर्नका लागि सम्बन्धित सम्पूर्ण सरोकारवालहरूसँग छलफल गर्ने । मविवसका मुद्दाहरू पहिचान गरी सो को सम्बोधनका लागि कार्यक्षेत्रगत शर्त (ToR) मा समावेश गर्ने । |
| १.९ | विकास योजनाको तयारी | • सम्पूर्ण योजनामा लैससास कार्ययोजनालाई समावेश गर्ने ।<br>• पूर्वाधारसँग सम्बन्धित पक्षहरूका साथै आर्थिक, सामाजिक एवं विपद् जोखिम व्यवस्थापनका मुद्दाहरू समेटने ।<br>• जग्गा अधिग्रहण गर्दा र विपद् पीडितहरूलाई राहत वितरण गर्दा क्षतिपूर्ति दिनुपर्ने, पुनर्स्थापना गर्नुपर्ने वा पुनर्वास गर्नुपर्ने जस्ता कार्यहरूमा मविवसलाई विशेष प्राथमिकता दिने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| २ कार्यान्वयन | | |
| २.१ | अन्तिम इन्जिनियरिङ्ग डिजाइन एवं नक्सा | • अन्तिम इन्जिनियरिङ्ग डिजाइन एवं नक्सा, बालबालिका, महिला एवं अशक्त र अपाङ्ग मैत्री बनाउने । |
| २.२ | विस्तृत लागत अनुमान तथा विस्तृत विवरण (Specification) को तयारी एवं स्वीकृती | • लागत अनुमान तयार गर्दा सामाजिक क्रियाकलाप, मविवसको सीप विकास एवं लैङ्गिक आवश्यकताहरू सम्बोधनका लागि समेत बजेट समावेश गर्ने । |
| २.३ | निर्माण तथा सुपरिवेक्षण | • विभिन्न तहका काममा मविवसलाई उनीहरूको कार्यदक्षता र क्षमताको आधारमा संलग्न गर्ने स्थानीय तहमा महिला र वञ्चित समूहको प्रतिनिधित्व हुने गरी निर्माण सरोकार समिति गठन गर्ने ।<br>• निर्माण समिति मार्फत गराईने कार्यहरूमा मविवसलाई प्राथमिकता प्रदान गर्नका लागि आवश्यक व्यवस्था गर्ने ।<br>• सान्दर्भिक मुद्दाहरूलाई अगाडि ल्याउन एवं निर्णय प्रकृयामा मविवसको प्रभाव बढाउन उनीहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>• महिला कामदारहरूलाई तालिम प्रदान गर्ने एवं निर्माण कार्यहरूमा उनीहरूको सहभागिता सुनिश्चित गर्ने ।<br>• सम्बन्धित कर्मचारीहरूको लागि प्रशिक्षक प्रशिक्षण (ToT) तालिम सञ्चालन गर्ने । |

| क्र.सं. | चरणहरू | मार्गदर्शनहरू |
|---|---|---|
| २.४ | कार्यसम्पन्न एवं हस्तान्तरण | • आयोजनाको उचित प्रयोग र दीगोपनाको लागि यसको उपयोगिताको बारेमा पूर्ण जानकारी गराई हस्तान्तरण गर्ने । |
| २.५ | मर्मत–सम्भार | • मर्मत–सम्भार कार्य एवं स्थानीयहरूको लागि रोजगारी सिर्जना गर्न मविवसलाई आवश्यक तालिम प्रदान गर्ने । |
| २.६ | अनुगमन तथा मूल्याङ्कन | • आयोजना अनुगमन गर्न गठित समितिहरूमा सबैको समावेशी प्रतिनिधित्व हुनुपर्ने । सम्झौता शर्तनामा र लैससास कार्ययोजनाको अवलम्वन भए नभएको अनुगमन गर्ने । |

## ५.४ अनुगमन तथा मूल्याङ्कन

मन्त्रालयको सामाजिक समन्वय/लैससास शाखाले विभागबाट सम्पादन गरिने सम्पूर्ण लैससास सम्बन्धी मुद्दाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्नेछ । विभाग आफ्ना कार्यक्रमहरू र आयोजनाहरूको अनुगमन गर्न र मार्गदर्शन अनुसार मन्त्रालयलाई प्रतिवेदन पठाउन उत्तरदायी रहनेछन् । लैससास सम्बन्धी सम्पूर्ण क्रियाकलापहरूलाई प्रगति प्रतिवेदनमा समावेश गर्नुपर्नेछ र यसका लागि लैससासका सूचकहरू तयार गर्नुपर्छ । आयोजना डिजाइन र अनुगमनको रूपरेखामा उल्लेखित सूचकहरूसँग दाँज्दै देखिएका नतिजा, प्रतिफल र असरहरू सम्बन्धी उपलब्धिका आधारमा आयोजनाको मापन गरिनु पर्छ । सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका विभिन्न आयोजनाहरूले लिङ्ग एवं जातिका आधारमा खण्डीकृत तथ्याङ्कको सङ्कलन गर्नु पर्दछ । यसलाई सहरी विकास तथा भवन निर्माण विभागको नियमित क्रियाकलापहरूमा सम्मिलित गराउनु पर्नेछ । मन्त्रालयद्वारा आयोजनाहरूको लैससास सम्बन्धी प्रगति प्रतिवेदनहरू तयार पार्न तथा सम्बन्धित आधिकारिक निकायहरूलाई समयमै वितरण गर्न एउटा व्यवस्थित प्रतिवेदन प्रणालीको स्थापना गर्नुपर्छ । सामान्यत लैससास सम्बन्धी प्रगतिहरूको

नियमित प्रतिवेदन त्रैमासीक रूपमा तयार गर्नुका साथै खण्डिकृत तथ्याङ्क सम्मिलित प्रतिवेदन वार्षिक रूपमा तयार गरी पेश गर्नुपर्नेछ । सामाजिक समन्वय/लैससास शाखाले जिल्लादेखि केन्द्रीयस्तरसम्मका तथ्याङ्कको आदान-प्रदान तथा यसलाई मन्त्रालयको नियमित प्रगति प्रतिवेदनहरूमा समावेश गर्ने एवं मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन शाखासँग समन्वय गर्ने कार्य गर्नेछ ।

अनुगमन तथा मूल्याङ्कन कार्यलाई लैससासमूखी बनाउनको लागि निम्न लिखित पक्षहरू समेटिनु पर्नेछ :

**क)** **उद्देश्य तथा सूचकहरू लैससासका आधारमा खण्डीकृत हुनुपर्ने :** भवन निर्माण, आवास तथा सहरी विकासका कार्यक्रम एवं आयोजनाहरूबाट को-को लाभान्वित हुन्छन् सो को मापन महत्त्वपूर्ण भएकोले खण्डीकृत तथ्याङ्क सङ्कलन एवं परिमार्जन गर्नुपर्नेछ । आयोजना तयारी तथा सूचना सङ्कलनका निम्ति खण्डीकृत प्रारम्भिक तथ्याङ्क उपलब्ध हुनुपर्छ जसको आधारमा प्रगतिको अनुगमन गर्न सकिनेछ । खण्डीकृत प्रारम्भिक तथ्याङ्क सङ्कलन एवं प्रयोगको लागि स्पष्ट ढाँचाहरू बनाइनु पर्छ ।

**ख)** **अनुगमन तथा प्रतिवेदन लेखनको ढाँचालाई खण्डीकृत गरिनुपर्ने :** अनुगमनका ढाँचाहरूलाई खण्डीकरण गरी प्रमाणको रूपमा उपयोग गर्न मिल्ने किसिमले संशोधन गरिनु पर्छ । लैससाससँग सम्बन्धित सूचना र तथ्याङ्क सङ्कलन एवं एकीकृत गरी राष्ट्रिय योजना आयोगको अनुगमन प्रणाली अनुरूप यसको प्रतिवेदन लेखनलाई सहज बनाउनुपर्छ । सम्बन्धित लैससास शाखा/इकाईले आवश्यक लैससास सूचकहरू तथा खण्डीकृत तथ्याङ्क उपलब्ध गराउनु पर्नेछ र यी प्रक्रियाहरूलाई केन्द्रदेखि डिभिजन कार्यालयको तहसम्म लागू गर्न एउटा प्रणालीको स्थापना गरिनु पर्छ ।

**ग)** **सार्वजनिक परीक्षण तथा सुनुवाईलाई संस्थागत गर्नुपर्ने :** कार्यक्रम तथा आयोजनाहरूमा पारदर्शीता एवं जवाफदेहिता आवश्यक हुनेहुँदा सार्वजनिक परीक्षण तथा सुनुवाई जस्ता क्रियाकलापहरू सञ्चालनमा ल्याउनु पर्नेछ । यी क्रियाकलापहरू मविवसको सक्रिय सहभागितामा सम्पन्न गर्नुपर्दछ । यसकालागि सार्वजनिक परीक्षण

तथा सुनुवाई सम्बन्धी एउटा सार्वजनिक अनुगमन निर्देशिका तयार गरिनु पर्छ ।

घ) **राम्रा अभ्यास तथा सिकिएका पाठहरू :** मन्त्रालयको विकास निर्माणका आयोजनाहरूमा भएका लैससाससँग सम्बन्धित विभिन्न सफल प्रयासहरूलाई राम्रोसँग अभिलेखीकरण गरिनुपर्नेछ एवं सम्बन्धित सरोकारवाला समूह मार्फत् सबै सरोकारवालाहरूसम्म जानकारी पुऱ्याउनु पर्नेछ । यसका लागि घटना अध्ययन (Case Study) तयार समेत गर्नु पर्नेछ ।

◈◈◈

**अनुसूची –१** नीतिगत विश्लेषण

| नीति, प्रावधान, धारा ऐन सं. | नीति, प्रावधान, सीमा तथा मार्गदर्शनको लैससास विश्लेषण | | |
|---|---|---|---|
| | संरचनागत यथास्थितिका आधारमा मौजुदा जिम्मेवारीहरू बाँडफाँड तथा मानव स्रोतको अवस्थाको सम्बोधन | अधिकारको प्रत्याभूति तथा परिवर्तनको प्रवर्द्धन | तटस्थता |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | जम्मा | | |

## अनुसूची –२ विविध जातजाति सम्बन्धी पार्श्व चित्र (Profile) तयार पार्ने ढाँचा

| क्र.सं. | पद | दलित | | | | जनजाती | | | | | | ब्राह्मण/क्षेत्री | | | | अन्य पिछडा समूह | | मूश्लिम | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहाडी | | मधेशी | | अन्य | | | | नेवार | | पहाडी | | मधेशी | | | | | | | | | |
| | | | | | | पहाडी | | मधेशी | | | | | | | | | | | | | | | |
| | | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची –३** स.वि.मं.को बार्षिक बजेट समिक्षा सम्बन्धी ढाँचा

| विवरण | प्रत्यक्ष सहयोग पुऱ्याउने क्रियाकलाप (१) | | अप्रत्यक्ष सहयोग पुऱ्याउने क्रियाकलाप (२) | | तटस्थ क्रियाकलाप (३) | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | मात्रा | % | मात्रा | % | मात्रा | % | मात्रा | % |
| महिला | | | | | | | | |
| दलित | | | | | | | | |
| नेवार र थकाली बाहेकका जनजाति | | | | | | | | |
| ब्राह्मण/क्षेत्री | | | | | | | | |
| मुश्लिम | | | | | | | | |
| अन्य पिछडा समूह | | | | | | | | |
| भौगोलिक स्थान | | | | | | | | |
| गरिब | | | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | | | |

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| खापाउसस | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति |
| मविवस | महिला, विपन्न तथा वञ्चित समूह |
| लैससास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| BCHUD | Building Construction, Housing and Urban Development (भवन निर्माण, आवास तथा सहरी विकास) |
| BM&E | Benefit Monitoring and Evaluation (लाभ अनुगमन तथा मूल्याङ्कन) |
| CAP | Community Action Plan (सामुदायिक कार्ययोजना) |
| CEDAW | Convention on the Elimination of All Forms of Discrimination Against Women (महिला विरूद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन गर्ने महासन्धि) |
| DAG | Disadvantage Group (वञ्चित समूह) |
| DHS | District Health Survey (जिल्ला स्वास्थ्य सर्वेक्षण ) |
| FGD | Focus Group Discussion (लक्षित समूह छलफल) |
| ILO | International Labor Organization (अन्तर्राष्ट्रिय श्रम संगठन) |
| NLSS | Nepal Living Standards Survey (नेपाल जीवनस्तर सर्वेक्षण) |
| PCR | Project Completion Report (आयोजना सम्पन्न प्रतिवेदन) |
| PHAST | Participatory Hygiene and Sanitation Transformation (सहभागितात्मक स्वास्थ्य तथा सरसफाई परिवर्तन) |
| PLA | Participatory Learning and Assessment (सहभागितात्मक सिकाई तथा विश्लेषण) |
| PRA | Participatory Rural Appraisal (सहभागितात्मक ग्रामीण लेखाजोखा) |
| SARAR | Self-esteem Associative Strengthen Resourcefulness Action Planning Responsibilities |
| ToR | Terms of Reference (कार्यक्षेत्रगत शर्त) |
| WASH | Water Sanitation and Hygiene (खानेपानी, सरसफाई तथा स्वच्छता) |
| स.वि.म. | सहरी विकास मन्त्रालय |